# पर्यटन गुरूयोजना (२०७८/७९-२०८२/८३)










## धवलागिरी गाँउपालिका

गण्डकी प्रदेश, म्याग्दि

२०७८

**धवलागिरी गाँउपालिका, म्याग्दि**
**पर्यटन गुरुयोजना**
**आर्थिक बर्ष (२०७८/७९-२०८२/८३)**

**आर्थिक सहयोग**
धवलागिरी गाँउपालिका, म्याग्दि

**प्राविधिक परामर्श सेवा**
विश्व प्रकृति संरक्षण- नेपाल
चप्पल कारखाना, काठमाडौं, नेपाल

**पर्यटन गुरुयोजना निर्माण टोली**

| | |
|---|---|
| डा. रोशन शेरचन | पर्यटन निर्माण टोली प्रमुख एवम पर्यटन विशेषज्ञ |
| सुभाष चन्द्र देवकोटा | आर्थिक सामाजिक विज्ञ |
| विमल थापा मगर | जैविक विविधता विशेषज्ञ |
| लक्ष्मी पुन | लैङ्गिक समावेशी विशेषज्ञ |
| मनिश कोख श्रेष्ठ | जी.आई.एस विज्ञ |

**सल्लाहाकारहरू**

| | |
|---|---|
| थमसरा पुन | अध्यक्ष, धवलागिरी गाउँपालिका, गण्डकी प्रदेश |
| गोपाल शर्मा | प्रमुख प्रशासकिय अधिकृत, धवलागिरी गाउँपालिका, गण्डकी प्रदेश |

**आवरण पृष्ठ फोटो स्रोतः**

माथिल्लो बायांबाटः पहिलो (सुभाष चन्द्र देवकोटा), दोश्रो (मनिश कोख श्रेष्ठ), तेश्रो, चौथो, पाँचौ, छैटौं (रोशन शेरचन), सातौ र आठौं (विमल कुमार थापा)

# विषय-सूचि


१.पृष्ठभूमि ........ १

१.१ नेपालको पर्यटन भूगोल ........ १

१.२ गण्डकी प्रदेश ........ २

२. पर्यटन गुरु योजनाको उद्देश्यहरूः ........ २

३. अध्ययन क्षेत्र ........ ३

४. अध्ययन विधि प्रक्रियाहरू ........ ५

४.१ सन्दर्भ ग्रन्थहरूको अध्ययन र समीक्षा ........ ५

४.२ वार्ड स्तरीय अन्तरक्रिया ........ ५

४.३ अवलोकन र नापजाँच ........ ६

४.४ सरोकारवालाहरूसंग समन्वय बैठक ........ ६

४.५ तथ्याङ विश्लेषण ........ ६

५. परिकल्पना (Vision) ........ ७

६. दूरगामी लक्ष्य (Long term goals) ........ ७

७. निर्देशक सिद्धान्तहरू (Guiding principles) ........ ८

८ धवलागिरी गाउँपालिकाको भूउपयोग, जनसंख्या तथा आर्थिक सामाजिक अवस्था ........ १०

८.१ भूउपयोग अवस्था ........ १०

८.२ जनसख्या ........ ११

८.३ धवलागिरी गाउँपालिका अन्तरगतको नदि प्रणाली ........ १२

८.४ सडक र गोरेटोबाटो संजाल ........ १३

८.५ धवलागिरी गाउँपालिका अन्तरगत पर्ने प्रमुख हिमालहरू ........ १४

८.६ आर्थिक सामाजिक अवस्था ........ १७

८.६.१ सडक संजालले ल्याएको वा ल्याउन सक्ने प्रभाव ........ १९

८.६.२ अप्रवासनले आर्थिक तथा सामाजिक क्षेत्रमा निम्त्याएको प्रभाव ........ १९

८.६.३ पर्वतारोहण र पदयात्रा पर्यटनको स्थानिय समुदायमा पर्न सक्ने प्रभाव ........ २०

९ पर्यटनको समग्र परिदृश्य ........ २१

९.१ पर्यटन क्षेत्रका विद्यमान संभावना, अवसर र चुनौतीहरू ........ २१

९.२ पर्यटन क्षेत्रसंग सम्बन्धित ऐतिहासिक समय रेखा ........ २८

९.३ विद्यमान तथा संभावित पर्यटकिय उत्पादन तथा गन्तव्य ........ ३०

९.३.१ प्रकृति तथा जैविक विविधतामा आधारित पर्यटकिय उत्पादन तथा गन्तव्य .......................... ३०

९.३.२ धार्मिक तथा सांस्कृतिक पर्यटकिय आकर्षण, उत्पादन तथा गन्तव्य ..................................३३

९.३.३ साहसिक पर्यटकिय उत्पादन तथा गन्तव्य ............................................................ ३६

१०. पर्यटन गुरुयोजनाको कार्यान्व्यनमा सरोकारवाला संस्थाहरूको काम कर्तव्य, अधिकार र भूमिका.......... ३९

११. अनुगमन तथा मूल्यांकन ............................................................................................. ४६

१२. पञ्च बर्षे पर्यटन कार्ययोजना र अनुमानित बजेट .............................................................. ४७

१२.१ क्षेत्रगत बजेट.................................................................................................. ४७

१२.२ कार्यक्रमको बार्षिक बजेट ....................................................................................... ४८

सन्दर्भ सूचिहरू : ........................................................................................................ ४९

अनुसूचिहरू.................................................................................................................. ४९

अनुसूचि १: धवलागिरी गाउ पालिकाको भूउपयोग (फिल्ड सर्भे, २०७८) .................................. ४९

अनुसूचि २: वार्ड अनुसार घरधुरी तथा जनसंख्याको विवरण (घरधुरी सर्वेक्षण, २०७४) ....................५०

अनुसूचि ३: जातको आधारमा जनसंख्याको विवरण (घरधुरी सर्वेक्षण, २०७४) ..............................५१

अनुसूचि ४: पेशाको आधारमा जनसंख्याको विवरण (घरधुरी सर्वेक्षण, २०७४)..............................५१

अनुसूचि ५: आर्थिक सम्पन्नता सम्बन्धि घरधुरी विवरण (घरधुरी सर्वेक्षण, २०७४).........................५२

अनुसूचि ६: सडक संजाल सम्बन्धि विवरण (घरधुरी सर्वेक्षण, २०७४).......................................५२

अनुसूचि ७: सुरक्षा निकाय सम्बन्धि विवरण (घरधुरी सर्वेक्षण, २०७४) .......................................५२

अनुसूचि ८: धौलागिरी गाउँपालिकामा (मुना, ताकम, लमसुङ, देउरालीपास, मुदी, मराङवेसी, मल्कवाङ र दरबाङ) रेकर्ड गरिएका चरा प्रजातिहरू (फिल्ड सर्भेक्षण, २०७८)..............................................५३

अनुसूचि ९: गण्डकी प्रदेशको प्रमुख पर्यटकिय गन्तव्यहरू ......................................................५७

अनुसूचि १०: पञ्च बर्षे (२०७८/७९-२०८२/८३) पर्यटन कार्ययोजनाको कार्यक्रम र अनुमानित बजेट (फिल्ड सर्भे, २०७८) ..................................................................................................६०

अनुसूचि ११: फिल्डभ्रमणको तालिका .........................................................................७५

अनुसूचि १२: वार्ड भेलाका सहभागीहरूको नामावली......................................................... ७६

अनुसूचि १३: सांसद, सरकारी निकायका प्रतिनिधी र निजी व्यवसायीहरूसंगको अन्तरक्रिया ............. ८४

## कार्यकारी सारांश (Executive Summary)

| गाउँपालिकाको नाम | धवलागिरी गाउँपालिका |
|---|---|
| भौगोलिक अवस्थिती | २८°२६' देखि २८°४८' उत्तरी आक्षांश सम्म र ८३°०६' देखि ८३°३३' पूर्वी देशान्तरसम्म, म्याग्दि जिल्ला |
| कार्ययोजनाको अवधि | (२०७८/७९-२०८२/८३) |
| परिकल्पना | धौलागिरी गाउँपालिकालाई धौलागिरी, गुर्जा, चुरेन र पुथा हिमाल आरोहण र पदयात्राको प्रख्यात प्रवेशद्धारको साथै मालिका धुरीलाई लोकप्रिय भ्यू प्वाईन्टको रूपमा विकसित गर्नु । |
| दिर्घकालिन लक्ष्य | • धौलागिरी, गुर्जा , चुरेन र पुथा हिमालको आरोहण र दृश्यावलोकनको निम्ति पदयात्राको एक प्रमुख गन्तव्यको रूपमा विकास गर्नु ।<br>• जलजला क्षेत्रलाई प्राणी उद्यानको रूपमा घोषणा गर्नु ।<br>• मालिकाधुरी र ताकमकोटलाई पालिकाकै प्रमुख धार्मिक, सांस्कृतिक र भ्यूप्वाईन्टको रूपमा प्रसिद्धि दिलाउनु ।<br>• गुर्जाखानी गाउँलाई आदिवासी छन्त्याल समुदायको सांस्कृतिक गन्तव्यको रूपमा विकासित गर्नु ।<br>• गुर्जाखानीलाई एकल र दुरवस्तीको रूपमा विकसित गर्नु ।<br>• प्रत्येक गाउँमा प्रभावकारी ढंगमा होमस्टे संचालन गराउनु ।<br>• रुघाचौरको जैविक विविधतालाई विस्तृत कार्ययोजनमा मार्फत दिगो संरक्षण गर्नु ।<br>• डालेचुक, खुरपानी र जडिवुटीको संरक्षण र दिगो प्रयोग गर्दै स्थानिय जीविकोपार्जनलाई टेवा दिनु । |
| पर्यटन गुरुयोजनाका प्रमुख उद्देश्यहरू | • धौलागिरी गाउँपालिकाको निम्ति २० बर्षे परिकल्पना र दिर्घकालिन लक्ष्य तय गर्ने ।<br>• धौलागिरी गाउँपालिका अन्तरगतका विद्यमान पर्यटकिय आकर्षण, उत्पादन र गन्तव्यहरूको पहिचान गर्ने ।<br>• पर्यटन विकासको अवसर, अवसर, चुनौती र संभावनाहरू विश्लेषण गर्ने ।<br>• विद्यमान र सम्भाव्य प्राकृतिक, धार्मिक सांस्कृतिक र साहसिक पर्यटकिय आकर्षण, उत्पादन र गन्तव्यहरूको पहिचान गर्ने, रणनीति तथा पांच बर्षे कार्यक्रमहरू तर्जुमा गर्ने ।<br>• पर्यटन विकास र व्यवस्थापनबाट स्थानिय तहमा अधिकतम रोजगारको अवसर सृजना गर्ने । |

| | |
|---|---|
| | ● आन्तरिक, क्षेत्रिय र अन्तराष्ट्रिय पर्यटकहरूलाई आकर्षित गर्न बजार प्रबर्धनका उपायहरू पहिचान गर्ने ।<br>● स्थानजन्य पर्यटकिय भौतिक पूर्वाधारहरूको निर्माण र स्तरोन्नतीका कार्यक्रम पहिचान गर्ने र बजेट तजुर्मा गर्ने । |
| निर्देशक सिद्धान्तहरू | ● पर्यटकिय उत्पादनमा आधारित प्रबर्धन<br>● जनसहभागीता<br>● स्थानिय दक्ष जनशक्ति विकासमा जोड<br>● स्थानिय र रैथाने उत्पादन र खाद्य परिकारलाई प्राथमिकता<br>● पर्यावरण मैत्री पर्यटनको अवधारणा<br>● लाभको समतामूलक बांडफांड<br>● सार्वजनकि निजी साझेदारी |
| प्रमुख वन्यजन्तु तथा चराचुरुङ्गी | ढोरपाटन शिकार आरक्षको १७.२ % (१७,८१३ हेक्टर) क्षेत्र यस पालिका अन्तरगत, शिकार आरक्षको ६ वटा शिकार ब्लकमध्य बर्से, घुस्तुङ, रुघाचौर बल्क यस पालिका अन्तरगत ।<br>४३ वटा सामुदायिक वनहरू र राष्ट्रिय वन । उतिस, खस्रु, फलांट, बाँझ, गुरांस, चिमाल (सेतो गुरासँ), भुङ सल्लाको वन, डालेचुक ।<br>हिमालय कालो भालु, रतुवा मृग, झारल, घोरल, चितुवा, दुम्सी, थार, नाउर, हाब्रे, कस्तुरी मृग, जंगली बँदेल, बांदर, लंगुर आदि ।<br>१०५ (एक सय पाँच) चरा प्रजातिहरू पाइने । हिमाली गिद्ध, डंगर गिद्ध, सेतो गिद्ध, सुन गिद्ध, कस्तुरा चाचर, डांफे वश्वव्यापीरूपमा लोपोन्मुख साथै संरक्षित चराहरू |
| प्रमुख धार्मिक तथा सांस्कृतिक स्थल, धामहरू | मालिकाधुरी, ताकमकोट, जगन्नाथ मन्दिर, कोट भण्डार, टुँडीखेल, गढी, किल्ला, जलजला, बराह ताल आदि । |
| प्रमुख हिमालहरू | धवलागिरी हिमाल (८,१६७ मी, विश्वको सातौं उच्च शिखर), गुर्जा हिमाल (७,१९३ मि), चुरेन हिमाल (७,३७१ मि), पुथा हिमाल (७,२४६ मिटर) र मानापाथी हिमाल (६,३८० मि) |
| खोलाहरू | म्यादि खोला, गुर्जा, तिङले, धौला, तिमिले, तिरिजा, सिङकोस्, दर, मराङ, कुइने र दांग खोला ।<br>साना खोलाहरू: घेखोला, वाङ्गे खोला, कुम खोला, झो खोला, ठिठखोला, घिघखोला आदि । |
| म्याग्दि जिल्लामा गण्डकी प्रदेश सरकारले पहिचान | मालिका धुरी (धवलागिरी गाउँपालिका)<br>धौलागिरी हिमाल (धवलागिरी गाउँपालिका)<br>गलेश्वर धाम<br>सिंघा तातोपानी कुण्ड |

| | |
|---|---|
| गरिएका पर्यटकिय गन्तव्यहरू | पुलत्स्यश्राम, जगन्नाथ मन्दिर<br>रूपसे छहरा<br>खोप्रा धुरी<br>घोरेपानी |
| पांच बर्षको अनुमानित बजेट (नेरु) | ७०,८००,०००/- (अक्षरूपी सात करोड आठ लाख ) |
| क्षेत्रगत बजेट (नेरु. र प्रतिशत) | क) पर्यटकिय पूर्वाधारको निर्माण तथा स्तरोन्नती (५२,७००,०००)- ६८%<br>ख) मानवीय संशाधन विकास तथा संस्थागत क्षमता अभिबृद्धि (३,६००,०००)-५%<br>ग) वन तथा कृषि उद्यम कार्यक्रम/जीविकोपार्जन (४,०००,०००) -६%<br>घ) पर्यटकिय उत्पादन तथा गन्तव्यको प्रबर्धन तथा ब्राण्डिङ (११,५००,०००)-१६%<br>ङ) अध्ययन र अनुसन्धान (२,३००,०००)-३%<br>च) अनुगमन तथा मूल्याङकन (१,२००,०००)-२% |
| बजेटको बार्षिक बाँडफाट (प्रतिशत) | पहिलो बर्ष (१६%), दोश्रो बर्ष (१९%), तेश्रो बर्ष (२३%), चौथो बर्ष (२८%) र पाँचौ बर्ष (१४ %) |
| सरोकारवाला संस्थाहरू | डिभिजन वन कार्यायल म्याग्दि, जिल्ला समन्वय समिती, होमस्टे व्यवस्थापन समिती, होसान, प्रदेश स्तरीय पर्यटन उद्योग वन तथा वातावरण मन्त्रालय, प्रदेश पर्यटन बोर्ड, प्रदेश योजना आयोग, टान, हान, नाथम, नेपाल पर्वतारोहण संघ, पर्यटन विभाग, तारागाउँ विकास वोर्ड, निजी व्यवसायी संस्था, टुर अपरेटर, स्थानिय गैर सरकारी संस्था आदि |
| अनुगमन तथा मूल्यांकन | अनुगमनः आन्तरिक र संयुक्त अनुगमन<br>मूल्यांकनः मध्यावधि (साढे दुइ बर्ष पछि) र अन्तिम (पाचौ बर्षको अन्तमा) संयुक्त अनुगमन वा मूल्यांकनमा समन्वय र सहभागी हुने संस्थाहरूः जिल्ला समन्वय समिती, डिभिजन वन कार्यालय म्याग्दि, प्रदेश स्तरीय उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, स्वतन्त्र पर्यटनविद्, पर्यटनमा सक्रिय निजी व्यवसायी संस्था |

# १.पृष्ठभूमि

## १.१ नेपालको पर्यटन भूगोल

विश्वकै सर्वोच्च शिखर सगरमाथा, बुद्धको जन्मस्थल लुम्बिनी र विविध रैथाने तथा आदिवासी धर्म संस्कृतिजस्ता आकर्षणहरू रहेकाले नेपालक मुख्यत पदयात्रा पर्यटनको निम्ति विश्वमै प्रमुख गन्तव्य रहि आएको छ । सन १९५३ मे २९ मा सगरमाथाको प्रथम सफल आरोहण गरेसँगै नेपाल विश्व समुदायमाभ्क चिनिन थाल्यो । साथै अन्तराष्ट्रिय पर्यटक बजारमा नेपाल साहिसिक पर्यटकिय गन्तव्यको रूपमा परिचय बन्दै गयो ।

नेपालमा समुदायकेन्द्रित पर्यापर्यटनको अवधारणा करिब तीन दशकपछि १९८० को दशकको मध्य तिर शुरु भयो । गण्डकी प्रदेशमै अवस्थित कास्कीको गुरुङ गाउ घान्द्रुकमा पर्या-पर्यटनको केहि प्रारम्भिक प्रयासहरू शुरु गरिए । अन्नपूर्ण संरक्षण क्षेत्र अन्तरगत घान्द्रुक अहिले नेपालकै एक प्रमुख गन्तव्य र अन्नपूर्ण आधार शिविर जाने प्रमुख प्रवेशद्धारको रूपमा चिनिन्छ । सन् १९९० मा पर्यटन नीति लागु भएपछि भने नेपालको पर्यटन क्षेत्रले गति लिएको देखिन्छ । यस नीतिले पर्या-पर्यटनले ग्रामीण अर्थतन्त्रलाई उकास्ने रणनिती अख्तियार गऱ्यो । र जनसहभागीतालाई पर्यटन विकास र व्यवस्थापनको केन्द्रमा राख्यो । ग्रामीण पर्यटनबाट प्राप्त सिकाईबाट परिमार्जन गर्दै कालान्तरमा होमस्टे पर्यटनको शुरुवात भयो ।

बिस २०५४ सालमा स्याङजा जिल्लाको सिरुवारीमा नेपालकै पहिलो होमस्टे संचालन भएपछि यसले हामेस्टेको लहर सृजना गऱ्यो । नेपाल सरकारले होमस्टे सञ्चालन कार्यविधि २०1० लागू गरेपछि हाल देशै भरिका हजार भन्दा बढी सामुदायिक र निजी होमस्टेले अतिथीलाई सेवा र सुविधा प्रदान गरिरहेका छन् । गण्डकी प्रदेशमा पनि ३०० वटा होमस्टे पुऱ्याइने लक्ष्य अनुसार आ.व. २०७५/७६ मा प्रदेशका २७४ वटा होमस्टेहरूलाई उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेशले पूँजिगत अनुदान दिइएको देखिन्छ ।

पर्यटन संसारमै अत्यन्त द्रुत गतिमा बृद्धि भइरहेको महत्त्वपूर्ण आर्थिक विकासका क्षेत्र मानिन्छ । पर्यटनले करोडौ व्यक्तिलाई रोजगार दिएको छ र राष्ट्रको कुल ग्राहस्थ उत्पादनलाई धेरै टेवा दिएको छ । विश्व पर्यटन संगठनको तथ्याङ अनुसार सन् २०१८ मा अन्तराष्ट्रिय पर्यटकहरूको संख्या १.४ अर्ब पुगेको छ । विश्वको कुल ग्रार्हस्थ उत्पादनको १० प्रतिशत हिस्सा ओगटेको थियो । (वर्ल्ड ट्राभल एण्ड टुरिजम काउन्सिल, २०१९) ।

नेपाल पर्यटन तथ्याङ २०१९ अनुसार नेपालमा सन् २०१८ मा १,१७३,०७२ अन्तराष्ट्रिय पर्यटकहरू भ्रमणमा आएका थिए । व्यवस्थित रेकर्डको अभावमा आन्तरिक पर्यटकहरूको संख्या किटान गर्न सकिएको छैन । सन् २०१८ मा नेपालले पर्यटनबाट ७०३,१७९,००० अमेरिकी डलर राजस्व आम्दानी गरेको थियो । सो तथ्याङले पर्यटकको औषत प्रतिदिन खर्च ४४ अमेरिकी डलर अनुमान गरेको छ (नेपाल पर्यटन तथ्याङ्क, २०१९)

नेपाल आउने पर्यटकहरू मध्ये बिदा र छुट्टी मनाउने उद्धेश्यले आउने पर्यटकहरूको संख्या सबैभन्दा धेरै अर्थात ६० % रहेको छ । त्यसपछि पदयात्रा र पर्वतारोहण (१६ प्रतिशत), धार्मिक (१४.४ प्रतिशत) र विविध उद्देश्य (९.६ प्रतिशत) छन् । अन्तराष्ट्रिय पर्यटकको निम्ति नेपाल आउने एक मात्र भरपर्दो माध्यम विमान सेवा हो । हाल नेपालमा ४९ वटा विमानस्थलहरू रहेकोमा एउटा मात्र अन्तराष्ट्रिय

विमानस्थल छ। ३१ वटा सबै मौसममा चल्न सक्ने विमानस्थल, ४ वटा अनुकुल मौसममा मात्र चल्न सक्ने विमानस्थल, ५ वटा निर्माणाधीन र बाँकी बन्द अवस्थामा रहेका छन। कम्तीमा २० वटा विमान कम्पनीहरूले आन्तरिक उडान गरिरहेका छन् (नेपाल टुरिजम तथ्याङ, २०१९)।

हाल देशमा अनुमानित १,२५४ पर्यटक स्तरका होटल (४६,८५६ शैया), ३,५०८ ट्राभल एजेन्सिहरू, २,६४९ ट्रेकिङ एजेन्सिहरू, ७३ जलयात्रा गराउने एजेन्सिहरू, ७७ वटा पर्यटकहरूलाई सेवा दिने यातायात कम्पनीहरू, ४,१२६ जना इजाजतपत्र प्राप्त पथप्रदर्शकहरू, १६,२४८ इजाजतपत्र पदयात्रा पथप्रदर्शकहरू र २५३ जलयात्रा गराउने पथप्रदर्शकहरूले अन्तराष्ट्रिय र आन्तरिक पर्यटकहरूलाई सेवा दिइरहेका छन। देशभर करिब १००० भन्दा बढी होमस्टे भएको अनुमान गरिन्छ यद्यपी धेरै होमस्टेहरू अझैं विधिवतरूपमा सम्बन्धित निकायमा दर्ता हुन बांकि नै छ।

### १.२ गण्डकी प्रदेश

२१,७७३ वर्ग किमी क्षेत्रमा फैलिएको गण्डकी प्रदेशले देशको करिब १४.६६ % भूभाग ओगटेको छ। सन् २०११ को जनगणना अनुसार २,४०३,०१४ व्यक्ति (देशको जनसंख्याको ९.०६%) यस प्रदेशमा बसोवास गर्दछन्। गण्डकी प्रदेश प्राकृतिक, धार्मिक सांस्कृतिक, भौगर्भिक र जैविक विविधताको दृष्टिकोणले समृद्ध प्रदेश हो। २७°२०'-२९°२०' उत्तर आक्षांश र ८२°५२'-८५°१२' पूर्वी देशान्तरसम्म फैलिएको यस प्रदेशमा विश्वको प्रसिद्ध धौलागिरी, अन्नपूर्ण तथा मनास्लु हिमाल पर्दछ। सबभन्दा अग्लो उचाइमा रहेको भनिएको तिलिचो ताल (४,९१९ मिटर) र अग्लो गल्छी कालिगण्डकी अन्ध गल्छी पनि यहि पर्दछ। प्राकृतिक दृष्टिकोणले मनोरम शहर पोखरा यस प्रदेशको राजधानी रहेको छ। साथै पोखरालाई नेपालकै पर्यटकिय राजधानी पनि भनिन्छ।

८ हजार मिटरभन्दा बढी उचाइका हिमालहरू क्रमशः धवलागिरी (८,१६७ मिटर), मनास्लु (८,१८३ मिटर), अन्नपूर्ण (८,०९१ मिटर) को कारण साहसीक पर्यटनको गन्तव्यकोरूपमा पनि यो प्रदेश प्रसिद्ध छ। देशको एक मात्र शिकार आरक्ष ढोरपाटन यसै प्रदेशमा रहेको छ। लोपोन्मुख जनावर जस्तैः हिउँचितुवा, कस्तूरी मृग, हाब्रेका साथै यार्सागुम्बा, भोटेलसुन, डालेचुक, लौठसल्लादेखि लालीगुराँसको घनाजङ्गल (घोरपानी, गुर्जा पदमार्ग), सुनाखरीको राजधानी (पञ्चासे लेक) पनि यही प्रदेशमा छन्।

यो प्रदेशमा धार्मिक, सांस्कृतिक र पुरातात्विम महत्वका विभिन्न महत्वपूर्ण राजदरबार, कोट, गढी र किल्ला समेत रहेका छन्। तनहुँमा तनहुँसुर दरबार, ढोर दरबार, रिसिङ, घिरिङ र पुर्कोट रहेका छन्। लमजुङमा लमजुङ दरबार, तुर्लुङकोट; मनाङमा घले दरबार; मुस्ताङमा लोमान्थाङ दरबार, चराङ दरबार, कागबेनी दरबार; स्याग्दीमा बेनीकोट, ताकमकोट, घतानकोट, ढोलठान दरबार आदि। मुक्तिनाथ मन्दिर हिन्दु र बौद्धधर्मावलम्वीको संगमस्थलको रूपमा पनि यस प्रदेश चिनिन्छ। साथै बोन धर्मावलम्बीहरू पनि यस प्रदेशमा रहेका छन्। यस प्रदेश अन्तरगतका ११ जिल्लाहरूमा मुस्ताङ, म्याग्दि, बाग्लुङ, पर्वत, स्याङ्जा, कास्की, मनाङ, लमजुङ, गोरखा, तनहु र नवलपुर पर्दछन्।

## २. पर्यटन गुरु योजनाको उद्देश्यहरूः

धवलागिरी गाउँपालिकाको पर्यटन गुरु योजनाको प्रमुख उद्देश्यहरू निम्नानुसार रहेको छ।

२.१ धवलागिरी गाउँपालिकाको निम्ति २० बर्षे परिकल्पना र दिर्घकालिन लक्ष्य तय गर्ने।

२.२ धवलागिरी गाउँपालिका अन्तरगतका विद्यमान पर्यटकिय आकर्षण, उत्पादन र गन्तव्यहरूको पहिचान गर्ने।

२.३ पर्यटन विकासको अवसर, अवसर, चुनौती र संभावनाहरू विश्लेषण गर्ने ।

२.४ विद्यमान र सम्भाव्य प्राकृतिक, धार्मिक सांस्कृतिक र साहसिक पर्यटकिय आकर्षण, उत्पादन र गन्तव्यहरूको पहिचान गर्ने, रणनीति तथा कार्यक्रमहरू तर्जुमा गर्ने ।

२.५ पर्यटन विकास र व्यवस्थापनबाट स्थानिय तहमा अधिकतम रोजगारको अवसर सृजना गर्ने ।

२.६ आन्तरिक, क्षेत्रिय र अन्तराष्ट्रिय पर्यटकहरूलाई आकर्षित गर्न बजार प्रबर्धनका उपायहरू पहिचान गर्ने ।

२.७ स्थानजन्य पर्यटकिय भौतिक पूर्वाधारहरूको निर्माण र स्तरोन्नतीका कार्यक्रम पहिचान गर्ने र पांच बर्षे बजेट तजुर्मा गर्ने ।

## ३. अध्ययन क्षेत्र

म्याग्दि जिल्लामा अवस्थित धवलागिरी गाउँपालिका पर्यटन गुरु योजना बनाउने सन्दर्भमा अध्ययन क्षेत्र रहेको छ । नेपालको संघीय शासन प्रणाली अनुसार राज्यको पूर्नसंरचना हुदा साविकको सात वटा गाविसलाई रूपान्तरण गरि यस पालिका बनाइएको हो । यो गाउँपालिका जातिगत तथा सांस्कृतिक विविधता बोकेको गाउँपालिका हो । यो गाउपालिकामा मगर र त्यसपछि दलित, क्षेत्री, छन्त्याल, वाहुन, गुरुङ, ठकुरी र थकाली जातीको वसोवास रहेको छ ।

भौगोलिक दृष्टिले यो म्याग्दि जिल्लाको ठूलो पालिका (८५,८६२.५ हेक्टर) हो । यसले म्याग्दि जिल्लाको करिब ४५ % भूभाग ओगटेको छ । यो गाउँपालिका २८°२६' देखि २८°४८' उत्तरी आक्षांश सम्म र ८३°०६'देखि ८३°३३' पूर्वी देशान्तरसम्म फैलिएको छ (धवलागिरी गाउँपालिकाको पार्श्वचित्र, २०७४/७५) । उत्तरमा डोल्पा जिल्लाको सिमाना जोडिएको यसले पूर्वमा मुस्ताङ जिल्ला र म्याग्दि जिल्लाकै रघुगंगा गाउँपालिकासंग जोडिएको छ । यस पालिकाको पश्चिममा रुकुम जिल्ला र बाग्लुङ जिल्लाको ढोर पाटन शिकार आरक्ष रहेको छ ।

ढोर पाटन नेपालकै एक मात्र शिकार आरक्ष हो । बाग्लुङ जिल्लामा पर्ने ढोरपाटन शिकार आरक्षको पूर्वी उत्तर भाग यस पालिकाभित्र पर्दछ । यस पालिकाभित्र ढोरपाटन शिकार आरक्षको करिब १७.२ प्रतिशत (१७,८१३ हेक्टर) भूभाग पर्दछ । यस पालिकाको दक्षिण सिमाना भने बाग्लुङ र म्याग्दि जिल्लाको मालिका गाउँपालिकासंग जोडिएको छ ।




नक्शा ३.१: धवलागिरी गाउँपालिका: अध्ययन क्षेत्र

# ४. अध्ययन विधि प्रक्रियाहरू

## ४.१ सन्दर्भ ग्रन्थहरूको अध्ययन र समीक्षा

यस अध्ययनमा सन्दर्भ ग्रन्थहरूको अध्ययन र समीक्षा गरिनुका साथै फिल्डबाटै तथ्याङ र जानकारी संकलन गरिने छ । सन्दर्भ ग्रन्थको हकमा, धवलागिरी गाउँपालिकाको पार्श्व चित्र, बार्षिक प्रगति प्रतिवेदनहरूको अध्ययन गरिएको छ । यसका साथै गण्डकी प्रदेशको पर्यटन निती, २०७५, संघीय सरकारको होमस्टे संचालन कार्यविधी, २०६७ र प्रदेश सरकारको होमस्टे सन्चालन तथा व्यवस्थापन कार्यविधी, २०७६ समेत अध्ययन गरि त्यससंग सम्बन्धित जानकारी पर्यटन गुरुयोजनामा प्रयोग गरिएको छ ।

## ४.२ वार्ड स्तरीय अन्तरक्रिया

यस पालिकाको सातवटै वडामा (मुना, ताकम, लमसुङ, गुर्जा खानी गाउँ, मुदी, मराङ र मल्कवाङ) मा अध्ययन टोलीले भ्रमण गरि वडा प्रतिनिधीहरू, सामाजिक अगुवा, युवा क्लव र महिला समूहका प्रतिनिधी, होमस्टे संचालक, सहकारी सदस्य र स्थानिय पर्यटक व्यवसायीहरूसंग अन्तरक्रिया गरि त्यस वडाका विद्यमान तथा संभाव्य प्राकृतिक, धार्मिक सांस्कृतिक र साहसिक पर्यटकिय आकर्षणहरू, उत्पादन र गन्तव्यवारे जानकारी संकलन गरेको थियो । गुरुयोजना निर्माणको एउटा उद्देश्य पर्यटकिय भौतिक पूर्वाधारहरूको निर्माण र स्तारोन्नती रहेकोले उक्त वडाको कुन स्थानमा कस्तो पूर्वाधारहरू बनाउन आवश्यक छ, सो बारे सहभागीहरूबाट सुझाव संकलन गर्नु थियो । साथै सवलता, दुर्बलता, अवसर र चुनौती विश्लेषण (स्वट विश्लेषण) र पदयात्रा मार्गका बारेमा विस्तृत छलफल भइ सहभागीतामूलक नक्शांकन पनि तैयार गरिएको थियो । विश्रामस्थल, सामुदायिक क्याम्पिङ्ग साईट, सूचना पाटी, खानेपानी धारो, सामुदायिक होटल, फोहोर फाल्ने खाल्डो, पदयात्रा फराकिलो बनाउने, जोखिमयुक्त स्थानमा रेलिङ आदि बारे जानकारी लिएको थियो ।

मुना र मराङको हकमा भने, पर्यटनलाई सकरात्मक वा नकरात्मक प्रभाव पारेका विगतका घटना, योजना र कियाकलाप दर्शाउने पर्यटन ऐतिहासिक सिमा रेखा समेत बनाइएको थियो । वार्ड भेलाको मुख्य उद्देश्य आवधिक र सान्दर्भिक तथ्याङ र जानकारी प्राप्त गर्नु रहेको थियो । साथ साथै स्थानिय वासिन्दाको पर्यटन गुरु योजनाप्रति अपनत्व भाव पनि पैदा गराउनु रहेको थियो । वार्ड भेलाको अन्तरक्रियामा उद्देश्यप्राप्तिको निम्ति प्रश्नहरूको सूचि वा चेकलिष्ट प्रयोग गरिएको थियो । चेकलिष्टको प्रयोजन सान्दर्भिक प्रश्नहरूमै केन्द्रित रहन सघाउनु र विषयान्तर हुनबाट रोक्नु रहेको थियो ।



चित्र ४.१: वार्ड स्तरीय अन्तरक्रिया, मराङ (विमल थापा मगर/वि.प्रा.सं.ने)



चित्र ४.२: सहभागितामूलक नक्शांकन, लमसुङ, (विमल थापा मगर/वि.प्रा.सं.ने)

### ४.३ अवलोकन र नापजाँच

अध्ययन टोलीले गाउवस्तीमा विद्यमान पर्यटकिय सेवा सुविधाको अवलोकन गरेका थिए । होमस्टेको कोठा देखि त्यहा पर्यटकलाई उपलब्ध गराइने खानपीनको बारेमा समेत संचालकलाई सोधेका थिए । पदयात्रामा मार्गमा पाइने सेवा सुविधाहरू पर्याप्त छन्, छैनन् ? भएका कति गुणस्तरीय छन् ? सेवा सुविधामा कमी भए, कुन स्थानमा ? कमीकमजोरी देखिएका त्यस्ता स्थान र पदयात्रामार्ग स्तरोन्नती गर्न आवश्यक पर्ने स्थानको समेत जिपिएस कोर्डिनेट उतार गरिएको थियो । त्यस्ता कोर्डिनेट म्याप बनाउदा प्रयोग गरिएको थियो । पदयात्रामार्गमा पाइने जैविकविविधता (वनको प्रकार, वन्यजन्तु, चराचुरुङ्गि आदि) को अवलोकन समेत गरियो ।

### ४.४ सरोकारवालाहरूसंग समन्वय बैठक

यस अध्ययनको सन्दर्भमा समन्वय गरिएको सरोकारवालाहरूमा वन डिभिजन कार्यालय म्याग्दि, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, सांसदहरू, निजी पर्यटन व्यवसायीहरू, नेपाल टुरिज्म् बोर्ड, ताकम मन्दिर व्यवस्थापन समिती, तारागाउ विकास बोर्ड, सामुदायिक होमस्टे व्यवस्थापन समिती आदि छन् ।

### ४.५ तथ्याङ विश्लेषण

वार्डस्तरीय अन्तरक्रिया, अवलोकन र जिपिएस रेकर्ड र सरोकारवालाहरूसंगको समन्वय बैठकबाट प्राप्त तथ्याङ र जानकारीहरूको विश्लेषण गरि त्यसलाई आवश्यकता अनुसार ग्राफ र टेबलहरू मार्फत प्रस्तुत गर्नु रहेको छ । सन्दर्भ सूचिमा उपयोगी तथ्याङ वा जानकारीको हकमा त्यसलाई गुरुयोजनाकै खण्डमा वा अनुसूचिमा प्रस्तूत गरिएको छ । विश्लेषणको नतिजालाई संक्षेपमा स्पष्ट राखिने चेष्टा गरिएको छ । संक्षेपमा अवलम्वन गरिएको अध्ययन विधी प्रक्रियालाई तलको ग्राफमा देखाइएको छ ।



चित्र ४.३: अध्ययनको विधी प्रकियाको सार संक्षेप

## ५. परिकल्पना (Vision)

धवलागिरी गाउँपालिकालाई धवलागिरी, गुर्जा, चुरेन र पुथा हिमाल आरोहण, पदयात्राको प्रवेशद्वार र मालिका धुरीलाई लोकप्रिय भ्यू प्वाईन्टको रूपमा विकसित गर्ने ।

## ६. दूरगामी लक्ष्य (Long term goals)

- धवलागिरी, गुर्जा , चुरेन र पुथा हिमालको आरोहण र दृश्यावलोकनको निम्ति पदयात्राको एक प्रमुख गन्तव्यको रूपमा विकास गर्नु ।
- जलजला क्षेत्रलाई प्राणी उद्यानको रूपमा घोषणा गर्नु ।
- मालिकाधुरी र ताकमकोटलाई पालिकाकै प्रमुख धार्मिक, सांस्कृतिक केन्द्र र भ्यूप्वाईन्टको रूपमा प्रसिद्धि दिलाउनु ।
- गुर्जाखानी गाउँलाई आदिवासी छन्त्याल समुदायको सांस्कृतिक गन्तव्यको रूपमा विकासित गर्नु ।
- गुर्जाखानी गाउँलाई एकल र दुरवस्तीको रूपमा विकसित गर्ने ।
- प्रत्येक गाउँमा प्रभावकारी ढंगमा होमस्टे संचालन गराउनु ।
- रुघाचौरको जैविक विविधतालाई विस्तृत कार्ययोजनमा मार्फत दिगो संरक्षण गर्नु ।
- डालेचुक, खुरपानी र बहुमूल्य जडिवुटीको संरक्षण र दिगो प्रयोग गर्दै स्थानिय जीविकोपार्जनलाई टेवा दिनु ।

## ७. निर्देशक सिद्धान्तहरू (Guiding principles)

### ७.१ पर्यटन उत्पादनमा आधारित प्रबर्धन

उत्पादनमा आधारित प्रबर्धन एक निर्देशक सिद्धान्त रहेको छ। पर्यटकिय आकर्षण, उत्पादन र गन्तव्य छ भने मात्र पर्यटनको संभावना रहन्छ। उत्पादन आकर्षक, अद्बितिय र प्रतिस्पर्धात्मक लाभ भएको छैन भने प्रबर्धन र ब्राण्डिङले मात्र दिगो पर्यटन विकास हुदैन। यसको तात्पर्य, सर्वप्रथम पालिकामा प्राकृतिक, जैविक विविधतामा आधारित, धार्मिक सांस्कृतिक पर्यटकिय आकर्षण र साहसिक पर्यटनका गन्तव्यहरूको पहिचान गर्नु पर्छ भन्ने हो। त्यसपछि ती उत्पादनहरूलाई पर्यटकसंग जोड्नको निम्ति आवश्यक भौतिक पूर्वाधार विकास, आवश्यक दक्ष जनशक्तिको विकास, प्रबर्धन तथा ब्राण्डिङ महत्वपूर्ण मानिन्छ।

### ७.२ जनसहभागीता

पर्यटन गुरु योजनाको दिगो कार्यान्वयनको निम्ति जनसहभागीता अपरिहार्य छ। स्थानिय समुदाय र संस्थाको अपनत्व सुनिश्चित गर्न प्राथमिकता दिइनेछ। पर्यटनको अनेकौं उद्देश्यहरू मध्य एक स्थानिय जिविकोपार्जनलाई योगदान दिनु रहेकोले साथै स्थानिय वासिन्दा वा संस्थाको संस्थागत विकास गर्न पनि जनसहभागितमा जोड दिइने सिद्धान्त लिइएको छ। पर्यटकिय उत्पादनहरूको पहिचान गर्दा पनि प्रत्येक वाडमा अन्तरकिया गर्ने देखि लिएर पूर्वाधार विकास तथा क्षमता अभिवृद्धिमा स्थानिय समुदाय तथा संस्थाहरूसंग सहकार्य गरि सहभागितामूलक ढंगले निर्णय गरिनेछ। जनसहभागीताको उच्चतम नमुना, सामुदायिक होमस्टे, सामुदायिक क्याम्पिङ साईट, वन पैदावारमा आधारित उद्यमहरू (डाले चुक, खुरपानी आदि), स्थानिय तालिमप्राप्त गाईड, तातोपानी कुण्ड व्यवस्थापन समिती, भिरमह संकलन समुहलाई आवश्यक प्राविधिक तथा आर्थिक सहयोग गरिनेछ।

### ७.३ स्थानिय दक्ष जनशक्तिमा जोड

दिगो पर्यटन व्यवस्थापन स्थानिय दक्ष जनशक्तिमा जोड दिएर मात्र प्राप्त गर्न सकिन्छ। वाह्य दक्ष जनशक्तिमा अधिकतम आश्रित रहदा समय परिस्थिती प्रतिकुल रहदा, त्यसको नकरात्मक असर बढी पर्ने विगतका घटनाहरूले देखाएका छन्। स्थानिय दक्ष जनशक्तिमा आफ्नो पर्यटकिय आकर्षण, उत्पादन र गन्तव्यहरूको बारेमा स्थानिय सूचना र जानकारीमात्र बढी हुने होइन, आफ्नो स्थानको विकास कसरी गर्ने भन्नेमा उत्प्रेरणा पनि बढी रहने भएकोले स्थानिय दक्ष जनशक्ति विकास गर्न जोड दिइने सिद्धान्त लिइएको छ। धवलागिरी गाउँपालिकाको सम्बन्धमा धवलागिरी आधारशिविर, गुर्जा हिमाल आधारशिविर, धवलागिरी उच्च हिमाली पदयात्रा यहाका प्रमुख गन्तव्य भएकोले स्थानिय दक्ष पथप्रदर्शक, टुर अपरेटर, होटल तथा होमस्टे संचालकहरूको सीप र ज्ञान जति बढाउन सक्यो, त्यसले पर्यटनलाई उतिकै पर्यावरणीय मैत्री र आयआर्जन बढाउन सघाउ पुऱ्याउछ।

### ७.४ स्थानिय र रैथाने उत्पादन र खाद्यपरिकारलाई प्राथमिकता

स्थानिय र रैथाने उत्पादन र परिकारमा प्राथमिकता दिनाले पर्यटकहरूलाई नौलो अनुभव पनि प्रदान गर्छ। साथै, त्यसले स्थानिय उत्पादनलाई पर्यटनसंग प्रतक्ष्य जोड्दछ। स्थानिय वासिन्दाहरू जो होमस्टे, होटल चलाउदैन वा प्रतक्ष्य पर्यटनसंग जोडिएका छैनन्, उनीहरूले होमस्टे वा होटल संचालकलाई स्थानिय तथा रैथाने कृषि, दुधजन्य, हस्तकला वा अल्लोको उत्पादनहरू बेचेर अप्रतक्ष्यरूपमा पर्यटनबाट लाभ लिन सक्छन्। अन्नपूर्ण संरक्षण क्षेत्रमा गरिएको एक अनुसन्धानले के देखाएको छ भने पर्यटकले स्थानिय र रैथाने उत्पादनको अभावमा बजारबाट आयातित खाद्यपरिकारमा

खर्च बढी गरेता पनि त्यसले स्थानिय अर्थतन्त्रलाई सघाउदैन । बरु त्यसको सट्टामा कम खर्च गरेता पनि यदि त्यो खर्च स्थानिय तथा रैथाने परिकार वा सामग्रीमा भए, त्यो स्थानिय समुदायमै बस्छ र स्थानिय अर्थतन्त्रलाई सघाउछ । यसको अर्को पनि महत्व छ, यसले स्थानिय वासिन्दाको पर्यटनप्रतिको अपनत्वको भावनालाई बलियो बनाउछ कारण उनीहरूले पर्यटनबाट आर्थिक लाभ लिन सक्दछ ।

### ७.५ पर्यावरण मैत्री पर्यटनको अवधारणा

पर्यावरण मैत्री पर्यटनको अवलम्वन अर्को निर्देशक सिद्धान्त हो । परम्परागत उदाहरणमा पर्यटनलाई सुनको अण्डा दिने कुखुरासंग तुलना गरिन्छ जसले उतिकै फोहोर पनि गर्दछ । परम्परागत उदाहरण भएता पनि यो अहिले पनि उतिकै सान्दर्भिक छ । पर्यटनबाट फोहोरमैला उत्पादन हुने साथै प्राकृतिक वातावरणमा नकरात्मक असर पनि पर्ने हुनाले त्यसको उचित व्यवस्थापन र समय सापेक्ष जनचेतना आवश्यक छ । उचित व्यवस्थापनको निम्ति आवश्यक सूचना, ज्ञान उपलब्ध गराउने देखि लिएर फोहोर मैला व्यवस्थापनको व्यवहारिक ज्ञान विद्यार्थी र समुदाय दुवैलाई दिनु आवश्यक छ । साथै पर्यटनले गाउँ विस्तारै अव्यवस्थित बजारको रूपमा परिणत हुने, ध्वनी प्रदुषण बढ्ने र पर्यटन पूर्वाधार विकासको निम्ति वन, वन्यजन्तुको वासस्थान, सिमसारक्षेत्र आदि विनाश हुनाले वातावरणीय प्रभाव लेखाजोखा गरेर मात्र पूर्वाधार विकास गरिने सिद्धान्त अपनाइएको छ ।

### ७.६ लाभको समतामूलक बाडफाँड

पर्यटनबाट आउने लाभको स्थानिय वासिन्दा र समुदायहरू बिच समतामूलक बाडफाँड भएन भने त्यसले आर्थिक असमानता बढाउछ र कालान्तरमा सामाजिक असन्तुलन ल्याउछ । लाभको समतामूलक सामाजिक न्यायको सिद्धान्तमा आधारित छ, जसले पर्यटनले आय आर्जनमा टेवा दिनुमात्र सम्पूर्ण होइन, त्यसको वितरणको पक्ष पनि दिर्घकालिन महत्वको छ भनेर बुझाउछ । समतामूलनक लाभको बाडफाँड हुदा सबै गाउवासी, सिमान्तकृत आदिवासी जनजाति, दलित, महिला र विपनन वर्गको दृष्टिकोणबाट लाभमा पहुच पुग्यो कि पुगेन ? भन्ने दृष्टिले हेरिनेछ । पर्यटनमा निजी क्षेत्रको भूमिका र योगदानलाई नकार्न सकिदैन तर सामुदायिक होमस्टे, सामुदायिक क्याम्पिङ साईट, कृषि सहकारीलाई जोड दिइने छ, जसले गर्दा आम्दानीको केहि अंश सामुदायिक विकास र संरक्षणमा खर्च गर्न संभावना कायम रहोस् । पर्यटनबाट समुदायलाई अधिकतम कसरी फाइदा हुन्छ ? यस तर्फ गुरुयोजनाले ध्यान दिएको छ । कारण धवलागिरी गाउँपालिकाका प्रमुख गन्तव्यहरू प्रकृतिमा आधारित, धार्मिक सांस्कृतिक र साहसिक पर्यटन भएकोले यसको लाभ केहि घरधुरीमा मात्र सिमित नभई, बढी भन्दा बढी घरधुरीमा पुग्नु पर्छ । लाभको समतामूलक बाडफाँडको संयन्त्र बनाउने र त्यसको कार्यान्वयनबाट प्राप्त सिकाईलाई परिमार्जन गर्दै बहुजन हिताय, बहुजन सुखाय भन्ने मर्मलाई व्यवहारमा उतार्न गाउँपालिकाले सरोकारवालाहरूसं मिलेर सहकार्य र पहल गर्नेछ ।

### ७.७ सार्वजनिक निजी साझेदारी

पर्यटनमा क्षेत्रमा निजी लगानी र सहभागीताको ठुलो महत्व छ । स्थानिय समुदायको सिमीत स्रोत र दक्षताले नभ्याउने पर्यटन परियोजनामा कुनै योग्य निजी लगानीकर्ता वा कम्पनी आएको खण्डमा स्थानिय समुदायको भूमिका र आर्थिक लाभमा साझेदारी हुने शर्तमा साझेदारी र सहकार्यलाई प्रोत्साहन गरिने सिद्धान्त अपनाईएको छ । विशेष गरेर साहसीक पर्यटन गतिविधीहरू जस्तैः बन्जी जम्पिङ, प्याराग्लाईडिङ, रक क्लाम्बिङ, अल्ट्रा मेराथन जस्ता पर्यटकिय गतिविधिमा आधुनिक प्रविधी र धेरै आर्थिक स्रोतको आवश्यकता पर्ने हुदा अबको प्रतिस्पर्धात्मक र प्रविधीको अधिक विकास भएको

समयमा सार्वजनिक निजी साझेदारीलाई सकरात्मक रूपमा लिने, परियोजनाहरूको संभाव्यता अध्ययन गर्ने र स्थानिय स्तरमा रोजगार सृजना गर्ने निती गुरुयोजनाले लिएको छ ।

# ८ धवलागिरी गाउँपालिकाको भूउपयोग, जनसंख्या तथा आर्थिक सामाजिक अवस्था

## ८.१ भूउपयोग अवस्था

धवलागिरी गाउँपालिकाको (८५,८६२.५ हेक्टर) भूउपयोगमा, सबभन्दा बढी क्षेत्र खाली, पर्ती जग्गाले (३२.५८ %) ओगटेको छ । दोश्रोमा वन क्षेत्र (२७.९५%) र क्रमशः चरण क्षेत्र (१५.१९ %), झाडी बुट्यान क्षेत्र (१०.७५%), हिमनदि/बरफ (७.९७ %), कृषि भूमि (४.९३ %), बगर (०.६१%) र नदि ताल (०.०२%) रहेको छ । गुर्जा र मुदीका मानव वस्ती भन्दा माथिका विस्तृत भूभाग चरण क्षेत्र, बांझो जमीन र हिमश्रृंखला भएकाले यस पालिकामा कृषि कम भएका हुन् ।




नक्शा ८.१: धवलागिरी गाउँपालिकाको भूउपयोग (नापी विभाग, २००१)

उचाइको दृष्टिले यस पालिका अत्यन्त असमान रहेको छ । मुना, मुदी, ताकम, मराङ र मल्कवाङका केहि भूभागको उचाई २,००० मिटर भन्दा तल रहेको देखिन्छ । भौगोलिक क्षेत्रफलको हिसाबले सबैभन्दा ठुलो वार्ड गुर्जा (वार्ड १) र मुदी (वार्ड ४) रहेको छ । यी दुई वार्डका उत्तरी भागमा खाली पर्ती जग्गा, हिमताल र हिमश्रृंखलाहरू भेटिनले यसको उचाई अन्य वार्डको तुलनामा अत्याधिक रहेको छ । ५,००० देखि ६,००० मिटर सम्मका उचाई भएका क्षेत्र र ६,००० मिटर भन्दा माथिका सेतो रंगले जनाएको क्षेत्र तलको नक्शामा देख्न सकिन्छ । जनसंख्याको अनुपातमा यस गाउँपालिकाको भौगोलिक क्षेत्र अत्यन्त ठुलो रहेको छ ।




नक्शा ८.२: धवलागिरी गाउँपालिका अन्तरगतका विभिन्न स्थानको उचाई (नापी विभाग, २००१)

## ८.२ जनसख्या

धवलागिरी गाउँपालिकामा जम्मा ७ वार्डहरू रहेका छन् । २०७४ सालको सर्वेक्षण अनुसार यस पालिकामा ३,१२९ घरधुरीहरू र जनसंख्या १७,४८२ रहेको छ (धौलागिरी गाउँपालिका पार्श्व चित्र, २०७४) । सबभन्दा बढी जनसंख्या वडा नं ७ मा रहेको छ । यस वडाको जनसंख्या ४,५३६ रहेको छ । त्यसपछि क्रमशः वडा नं ४ (३,३३०), ३ (२,९००), २ (१,९२२), ६ (१,७७७), ५ (१,५०९) र १

(१,५०८) छ। यो गाउँपालिकाको जनघनत्व १७ व्यक्ति प्रति वर्ग किमी रहेको छ जुन नेपालको सरदर जनघनत्व भन्दा १८३ ले कम हो। ठूलो भौगोलिक क्षेत्रमा फैलिएको र उच्च पहाडी र हिमाली क्षेत्रको वाहुल्यले यस पालिकाको सरदर जनघनत्व कम रहेको छ। मगर, दलित, क्षेत्री र छन्त्यालको बाहुल्य रहेको यस पालिकामा ब्राम्हण, गुरुङ, ठकुरी, थकाली पनि बसोबास गर्दछ। पालिकाको सरदर परिवार संख्या ५.६ रहेको छ (धौलागिरी गाउँपालिका पार्श्व चित्र, २०७४)।




ग्राफ ८.१: धवलागिरी गाउँपालिका अन्तरगतका वडाको जनसंख्या

### ८.३ धवलागिरी गाउँपालिका अन्तरगतको नदि प्रणाली

यस पालिका अन्तरगतको नदि तथा नदिप्रणालीहरूमा म्यादि खोला, गुर्जा, तिङले, धौला, तिरिजा, सिङकोस्, दर, मराङ, कुइने, दांग र तिमिले खोला रहेका छन्। मुहान हिमाल र वन भएका यी नदिहरू बह्रमासे बग्ने प्रमुख नदिहरू हुन् भने यस पालिकामा असंख्य खहरेहरू पनि छन्, जुन बर्षा याममा उर्लन्छन् र अन्य मौसममा सुख्छन्। यसका अलवा घेखोला, वाङ्गे खोला, कुम खोला, भ्रो खोला, ठिठखोला, घिघखोलाजस्ता साना खोलाहरू पनि रहेका छन् (धौलागिरी गाउँपालिका पार्श्व चित्र, २०७४)। केहि खोलाहरूबाट विद्युत समेत उत्पादन गरिएका छन्। उदाहरणको रूपमा, मराङखोलाबाट ३० किलोवाट, मुनाको दरखोलाबाट ५० किलोवाट, मल्कवाङको रम्दीवाङ खोलाबाट ४५ किलोवाट, गुर्जाको इम्ले खोलाबाट ३० किलोवाट र लुलाङको दारखोलाबाट २५ किलोवाट विद्युत निकालिएको छ। अन्य खोलाहरूबाट स्थानिय समुदायले अपेक्षित फायदा लिन सकेको छैन। यस पालिकामा तातोपानीका कुण्डहरू र तालहरू समेत छन्। बगर, मुदी अर्चे र पल्टीखेत (मुदी) तातोपानी कुण्डहरू स्थानिय वासिन्दाले प्राकृतिक उपचारको निम्ति प्रयोग गर्दै आएका छन् (धौलागिरी गाउँपालिका पार्श्वचित्र, २०७४)। वडा नं १ स्थित तातोपानीमा सहज पहुचको समस्या छ यद्यपी गुर्जा, मुदी, दरका स्थानियवासीहरूले प्राकृतिक चिकित्साको रूपमा प्रयोग गरि आएका छन्। गुर्जामा वराह ताल छ। करिब ७०० वर्गमिटरमा फैलिएको यस ताल गाउ पुग्नु अगावै आइपुग्छ। यो तालको उत्तरतिरको मूलबाटोबाट नवआगन्तुक हिड्न र घोडा लगेमा वराह रिसाउछन् र अनिष्ठ हुन्छ भनिन्छ। यद्यपी सहज पहुच नभएकोले साथै होटल, होमस्टेको अभावले यस्ता कुण्ड र तालहरूले आन्तरिक तथा वाहय पर्यटकलाई आकर्षित गर्न सकेका छैनन्।




नक्शा ८.४: धवलागिरी गाउँपालिका अन्तरगतको नदि तथा नदि प्रणाली (नापी विभाग, २००१)

## ८.४ सडक र गोरेटोबाटो संजाल

सडक संजालको दृष्टिकोणबाट यो पालिका अत्यन्त पछाडि छ । धवलागिरी गाउँपालिका म्याग्दि जिल्लाकै सबभन्दा दुर्गम पालिका हो । गाउँपालिकाको रेकर्ड अनुसार यस पालिकाभित्र ३६ किमी कच्ची सडक छन् । उदाहरणको रूपमा ताकम बेसीबाट मुनासम्मको १६ किमी बाटो, मुनादेखि मुदीसम्मको २ किमी र धारापानीदेखि कुटीचौरसम्म २ किमी आदि । हाल मुनाबाट महतलासम्म कच्ची सडक जोडिएको छ । त्यसभन्दा अगाडि खोरिया हुदै जलजलासम्मको कच्ची सडकको निर्माण भइरहेको देखिन्छ । भुक्षय र भिर पहराले अधिकांश सडक संजाल असहज र असुरक्षित छन् । जिल्ला सदरमुकाम जोड्ने पक्की र स्थायी सडक र पुल नभएसम्म पालिका अन्तरगतको पर्यटकिय गतिविधीहरू सुचारु हुन कठिन छ ।




नक्शा ८.५: धवलागिरी गाउँपालिका अन्तरगतको सडक र गोरेटोबाटो संजाल (नापी विभाग, २००१)

## ८.५ धवलागिरी गाउँपालिका अन्तरगत पर्ने प्रमुख हिमालहरू

धवलागिरी गाँउपालिकमा विश्वकै सातौं अग्लो शिखर लगायत अन्य हिमालहरू पर्यटकको आकर्षक गन्तव्यको रूपमा रहेका छन् । चाहे हिमाल आरोहणका निम्ति होस् वा उच्च हिमाली पदयात्राका निम्ति, यी हिमालहरूले यस पालिकाको समग्र दिगो पर्यटन विकासको निम्ती ठूलो संभावना बोकेको छ । यी हिमालहरूको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।

### ८.५.१ धवालागिरी हिमाल

विश्वकै सातौं अग्लो धवलागिरी हिमाल यस गाँउपालिकामा रहेको प्रमुख हिमाल हो । वार्ड नं ४ मुदिमा पर्ने यस हिमालको उचाई ८,१६७ मिटर रहेको छ । यो हिमाल विक्रम सम्वत २०१७ साल बैसाख ३१ मा अष्ट्रियन र स्विस टिमको तीन जना पर्वतारोही, नेवाङ मेर्जे र निमा दोर्जेले पहिलो पटक अरोहण गरेका थिए ।

धवलाको अर्थ सेतो, सफा स्वच्छ र मनोहर हुन्छ भने गिरिको अर्थ पर्वत हुन्छ । अत्यन्तै मनमोहक स्वच्छ पर्वत भएको हुनाले यसको नाम धवालागिरी रहेको हो । धवलागिरी हिमालका विभिन्न चुचुरा छन् । जस मध्य, धवलागिरी दुई ७,७५१ मिटर, धवलागिरी तीन ७,७१५ मिटर, धवलागिरी चार ७,६६१ मिटर , धवलागिरी पाँच ७,६१८ मिटर र धवलागिरी छ ७२६८ मिटर रहेको छ (धवलागिरी पार्श्वचित्र, २०७५) ।

धवलागिरी आधार शिविर जाने मुख्य दुईवटा पदमार्ग छन् । सिवाङ/धारापानी, मुदी, बगर र दोभान हुदै धवलागिरी वेस क्याम्प । दोश्रो, खिवाङ-चेचुङ-सिङकुस-जेलतुङ-दोभान-सल्लाघारी भएर आधारशिविर । पछिल्लो समयमा आरोहिहरू हेलिकप्टरमा सिधै आधार शिविरमा जाने र त्यहाबाट आरोहण गर्ने देखिएको छ ।



चित्र ८.६: धवलागिरी हिमाल, ८१६७ मीटर (स्रोतः गोरखा एडभेन्चर)

### ८.५.२ गुर्जा हिमाल

गुर्जा हिमाल वार्ड १ गुर्जाखानीमा पर्दछ । यसको उचाई ७,१९३ मिटर रहेको छ । यो हिमाल विक्रम सम्वत २०२६ साल कात्तिक १६ गते लाक्पा शेर्पा र जापानी पर्वतारोही तोमोकुमि सेइगीले पहिलो आरोहण गरेका थिए (धवलागिरीको पार्श्व चित्र, २०७५) । गुर्जा हिमाल आधार शिविर जान लमसुङ/लुलाङ, देउरालीपास/गुर्जाखानी गाउ भएर जानुपर्दछ। गुर्जा खानी गाउ नेपालकै छन्त्यालहरू बसोबास गर्ने घना बस्ती हो । गुर्जाखानी गाउ लगायत छन्त्यालहरूको यस पालिकामा मच्छिम, मल्कवाङ् र मलम्पार बस्तीहरूमा बसोबास रहेका छन् ।



चित्र ८.७: गुर्जा हिमाल, ७,१९३ मीटर (स्रोतः नेपाल टाइम्स्)

### ८.५.३ चुरेन हिमाल

धवलागिरी गाँउपालिकाको वार्ड १ गुर्जाखानीमा पर्ने चुरेन अर्को हिमाल (७,३७१) हो । धवलागिरी हिमश्रृंखलाको पशिचमतिर पर्ने चुरेनको मुख्य तीनवटा चुलीहरू छन् । चुरेन मध्य (मुख्य, ७,३८५ मी), चुरने ईष्ट (७,३७१ मी) र चुरेन वेष्ट (७,३७१ मी) । पर्यटकीय हिसावले यो चुचुराहरू पनि महत्वपूर्ण मानिन्छ । चुरेन हिमाल आधार शिविर पनि गुर्जाखानी गाउबाट दरसिंगे खर्क, भुर्जुङ्ग खर्क हुदै आधार शिविर पुगिन्छ ।

### ८.५.४ पुथा हिमाल

गुर्जाखानीमै अवस्थित अर्को हिमाल पुथा (७२४६ मिटर) हो । विक्रम सम्वत २०११ सालमा आङनिमा शेर्पा र वेलायती आर्मी अफिससर जे एम रोवर्टले यस हिमालको पहिलेपटक आरोहण गरेका थिए । यो हिमाल विश्वको ९५औं उच्च शिखरमा पर्दछ (धवलागिरी पार्श्वचित्र, २०७५) ।

### ८.५.५ मानापाथी हिमाल

यस गाँउपालिकाको वार्ड ४ मुदीमा पर्ने अर्को हिमाल मानापाथी (६३८० मिटर) हो । (धवलागिरी पार्श्वचित्र, २०७५) । पर्यटकीय हिसावले यो पनि महत्व रहेको छ । यद्यपी मानापाथी र पुथा हिमालको सन्दर्भमा प्रचार प्रसार अत्यन्त न्यून छ ।

## ८.६ आर्थिक सामाजिक अवस्था

कृषि पशुपालन यहाका वासिन्दाको प्रमुख जीवीकोपार्जनको माध्यम हो । बिस २०७४ को सर्वेक्षण अनुसार करिब ६५% घरधुरी खेतीपाती गर्छन् । परम्परागत खेती प्रणालीमा महिलाहरूको धेरै ठुलो योगदान छ । यद्यपी सिमित खेतीयोग्य जमीन, सिंचाइको अभाव, भौगोलिक दुर्गमता र जनशक्तिको अभावमा कृषि निर्वाहमुखी छ । यहा अन्नमा मकै, गहू,जौ,उवा, कोदो भएपनि ताकम जस्ता बेसीफाँटमा धान उत्पादन हुन्छ । नगदेवालीमा आलु, अलैची, अम्रिसो, अदुवा आदिको खेती गरिन्छ । चौयापा र पशुपंक्षीमा गाई, भैसी, भेडा वाखा, घोडा, खच्चड तथा कुखुराहरू पालिन्छन् । दलहनमा मास, सिमी, मस्याम खेती गरिन्छ । फलफूलमा स्याउ, कागती, अम्वा, खुर्पानी आदि पाइन्छन् । गुर्जा वनक्षेत्रमा डालेचुक, मल्कवाङमा खुरपानी प्रशस्त फल्ने भएता पनि त्यसलाई व्यवसायिकरण गर्न नसक्दा त्यसबाट लाभ लिन सकिएको छैन । साथै अधिकांशले मौसम अनुसारका तरकारीहरू करेसा बारीमा लगाएका भेटिन्छ ।

वनजन्य पैदावारमा डाँलेचुक (Sea buckthron) एक प्रमुख वन पैदावार रहेको छ । गुर्जा गाउं वरपर प्रशस्त डाँलेचुक पाईन्छ । डाँलेचुक झाडी प्रजाति हो । यसको फलबाट रस निकालेर स्थानिय वासिन्दाहरूले अमिलोको रूपमा प्रयोग गर्दै आएका छन् । छिमेकी मुस्ताङ जिल्लामा पनि कालीगण्डकीको बगर र वन क्षेत्रमा यो प्रजाति प्रशस्त पाइन्छ । यसमा प्रशस्त भिटामीन सी पाइन्छ । उपयुक्त प्रविधि अपनाई, व्यवसायी खेती गरेर यसबाट जुस बनाउन आम्दानी लिन सके, यसको संरक्षणलाई टेवा पुग्ने थियो । त्यस्तै मल्कवाङमा खुरपानीको बोटहरू प्रशस्त देखिएकोले यसलाई व्यवसायी खेती गरि खुरपानीबाट जामजेली, सुकुटी बनाई आय आर्जन गर्न सकिने संभावना छ ।

यस पालिकामा हिमाली वनस्पतिहरू प्रशस्त मात्रामा पाइन्छन् । गाँउपालिकाको विवरण अनुसार २७ प्रजातीका रुखहरू तथा २७ प्रजातीका महत्वपूर्ण जडिबुटी तथा गैह्रकाष्ठ प्रजातीहरू पाइन्छन् । यहाँ पाइने प्रमुख रुख प्रजाति र वनस्पतिहरूमा चिलाउने, कटुस, ओखर, काफल, गुँरासका प्रजातीहरू, चिमाल, पांग्रा, फलाट, खर्स्यु, चाप, वांस, लौठ सल्ला, भुङसल्ला, निगालो छन् भने गैह्रकाष्ठ तथा जडिबुटीमा यार्सागुम्बा, निउरो, सतुवा, बोझो, चिराइतो, जीवन्ती ,सुगन्धवाल, काउलो, निरमी, कटुकी, जटामसी, पाखनवेद, सिलाजीत, डालेचुक, तेजपात, इन्द्रावती, कुरीलो, पाँचऔले, सिलटिम्बुर आदि छन् । धेरै जटिवुटी घरायसी प्रयोजनको निम्ति प्रयोग गरिएको छ । व्यवसयिकतामा जोड दिन सके यी वनस्पतिहरूबाट प्रशस्त आम्दानी लिन सकिन्छ साथै पर्यापर्यटनको प्रबर्धन गर्न सकिन्छ ।

जीविकोपार्जनको अर्को प्रमुख आधार वैदेशिक रोजगार रहेको छ । १७ % घरधुरीका कम्तिमा पनि एक जना सदस्य विदेशमा रोजगार गर्छन् । त्यहा कमाइने रेमिट्यान्स नै जीवीकोपार्जनका प्रमुख आधार भएको छ । म्याग्दि जिल्लाकै सबभन्दा धेरै वैदेशिक रोजगारमा गएको गाउ मध्य चिमखोला र मल्कवाङ मानिन्छ । चिमखोला यस पालिका वाहिर पर्दछ भने मल्कवाङ यसै पालिका अन्तरगत पर्दछ । तर वैदेशिक रोजगारको दायरा कृषिजति नफैलिएको भएपनि यसको प्रभावको कृषिभन्दा बढी छ । खेतपातीको सिजनबाट केहि फुर्सद हुदा गाउघरमै, नजिकको बजारमा मौसमी ज्यालादारी गरेर आय

आर्जन गर्ने पनि गर्दछन् । नोकरी गरेर जीवन निर्वाह गर्ने ६% घरधुरी छन् । उद्योग व्यवसायहरूको विकास भइसकेको छैन । बैशाख, जेठतिर गुर्जागाउ, मुदी, मल्कवाङ गाउका स्थानिय वासिन्दाहरू लेकमा यार्सागुम्बा टिप्न जान्छन् । यार्सागुम्बा टिप्न घरका सबैजसो परिवार जान्छन् । यार्सागुम्बा संकलनमा घरका महिला सदस्य र बालबालिका पनि सक्रिय छन् । तर हालका बर्षहरूमा यार्सागुम्बाको मूल्यमा भारी गिरावट आएकोले, आय आर्जनमा नकरात्मक असर परेको छ । पर्यटनबाट आय आर्जन गर्ने असीम संभावनाका वाजवुद होमस्टे संचालक, भरिया, व्यवसाय गर्ने पसले, केहि सार्वजनकि वा निजी यातायात सेवा बाहेक अरूले लाभ लिन सकिरहेको छैन ।

बिस २०७४ मा गरिएको घरधुरी सर्वेक्षण अनुसार, १८ % घरधुरी अति गरिब छन् । १४% घरधुरी गरिब छन् । ९ % घरधुरी सामान्य अवस्थाका छन् भने बांकि ५९% सम्पन्न छन् । अति गरिब भन्नाले आफ्नो उत्पादन वा कमाईले ३ महिनाभन्दा कम निर्वाह हुने, गरिब भन्नाले ३ देखि ६महिनासम्म निर्वाह हुने, मध्यम भन्नाले ६ देखि ९ महिना सम्म निर्वाह हुने र सम्पन्न भन्नाले न्युनतम १२ महिना नै निर्वाह हुने घरधुरीलाई जनाउदछ । यस अर्थमा पालिकाको आर्थिक सवलीकरण अत्यन्त आवश्यक देखिन्छ । पालिकाले सरोकारवालासंस्थाहरूसंग प्रभावकारी समन्वय र सहकार्यमा पर्यटनको दिगो विकास गर्न सके, पर्यटन क्षेत्र स्थानिय वासिन्दाको निर्वाहको एक प्रमुख माध्यम हुने देखिन्छ ।




ग्राफ ८.१: घरधुरीको आर्थिक सम्पन्नता सर्वेक्षण (घरधुरी सर्वेक्षण, २०७४)

यस गाउँपालिकाका केहि वार्डहरूमा भिरमहको उत्पादन हुन्छ । स्थानिय बासिन्दाको भनाइ अनुसार, हरेक बर्षको जेठ असारमा गुर्जा, मुदी, मल्कवाङ, मुनामा परम्परागत तरिकाले मह संकलन गरिन्छ । मह बिक्रि वितरण स्थानीय बासिन्दाको आम्दानीको राम्रो स्रोत हो । आवश्यक पूर्वाधारहरू निर्माण र प्रचारप्रसारको व्यवस्था गरे, यस पालिका भिरमह काड्ने (Honey hunting) गन्तव्यको रूपमा विकास गर्न सकिने देखिन्छ ।

स्थानिय वासिन्दाको आर्थिक, सामाजिक र संस्कृतिमा सडक संजाल, अप्रासन र पर्यटनबाट परेको वा पर्न सक्ने प्रभावको विश्लेषण तल गरिएको छ । यो विश्लेषणको मुख्य उद्देश्य, यी तीन पक्षहरूबाट हुन सक्ने सकरात्मक वा नकरात्मक प्रभावको समयमै पहिचान गर्ने, सकरात्मक प्रभावलाई सवलीकरण गर्ने र नकरात्मक प्रभावलाई न्युनिकरण गर्नु हो ।

### ८.६.१ सडक संजालले ल्याएको वा ल्याउन सक्ने प्रभाव

सडक सञ्जाललाई पूर्वाधार विकासमा महत्वपूर्ण मानिन्छ । तर वातारणीय मापदण्ड विपरित सडकहरूको निर्माण कार्यले पर्यावरणमा नकारात्क असर मात्र पार्दैन पहिरो, बाढीको प्रकोप बढ्नाले धनजनको समेत क्षती गर्दछ । धवलागिरी गाँउपालिमा अधिकांश क्षेत्र भिरालो सतहमा भएको र धेरै नदि तथा सहायक नदिहरूको कारणले वातावरणीय हिसावले संवेदनशिल क्षेत्र मानिन्छ । तसर्थ निर्माण हुदै गएको वा भविष्यमा निर्माण हुने सडक, बाटा, जलविद्युत वा अन्य पूर्वाधारको नियम कानून अनुसार वातावरणीय प्रभाव अध्ययन हुन आवश्यक छ । वातावरणीय प्रभाव मूल्यांकनबाट देखिने क्षतिको न्यूनिकरणको कार्यक्रम र बजेट पनि पालिका कार्यालयले गर्नु गराउनु आवश्यक छ । पर्यटकिय पूर्वाधारहरूहरूलाई वातावरण मैत्री नबनाएसम्म पर्यापर्यटनको विकास संभव छैन । मोटरबाटो निर्माणले पर्यटन व्यवसायमा निम्न असरहरू पर्न सक्ने संभावना छ ।

- परम्परागत पदमार्गहरू तथा बास बस्ने क्याम्पहरूमा भूक्षयको कारणले क्षती पुग्ने
- मोटर बाटो निर्माणले वन्यजन्तुको वासस्थान नासिनु वा विभाजित हुनु
- वन क्षेत्र मासिनु ।
- भूक्षयको कारण पानीका मुलहरू पुरिने
- सोझै मोटरगाडी पर्यटकहरू आउने हुनाले परम्पराबाट लाभ लिदै आएका पदमार्गका स्थानिय वासिन्दाको आयको स्रोतमा संकुचन आउने
- भरिया, पथप्रदर्शकको जीवन निर्वाह गर्ने माध्यम जोखिममा पर्ने ।

तसर्थ, मोटर बाटोको योजना बनाउदा वा निर्माण गर्नु अगावै वातवरणीय जोखिम मूल्याङ्न, त्यसले पर्यटन व्यवसाय र स्थानीय रोजगारीमा पर्ने तत्कालिन र दीर्घकालीन असरहरूको वारेमा आंकलन र समीक्षा गर्नु पर्ने देखिन्छ । संभव भएसम्म सांस्कृतिक सम्पदाहरूलाई नबिगारी, नभत्काई सडकको रेखांकन गनुपर्दछ । साथै परम्परागत पदमार्ग नासिने स्थिती नै रहे, वैकल्पिक पदमार्ग बनाउनु आवश्यक छ ।

### ८.६.२ अप्रवासनले आर्थिक तथा सामाजिक क्षेत्रमा निम्त्याएको प्रभाव

नेपाल कृषि प्रधान देश भनिए पनि लाखौ युवाहरू रोजगरीको लागि विदेशिएका छन् । गाउँपालिकाको तथ्यांक अनुसार यस गाउँपालिकाबाट मात्र १४% (१७०७) जनशक्ति, जसमा १८४ महिलाहरू पनि छन्, वैदेशिक रोजगारमा छन् । अधिकांसका लागि खाँडी मुलुक, मलेसिया, कोरिया वैदेशिक रोजगारीका गन्तब्यस्थल हुन् । आर्थिक क्षेत्रमा वैदेशिक रोजगारको योगदान यस तथ्यांकले पनि बताउछ कि, गाँउपालिकावासीको कूल आम्दानीको ६१% बैदेशिक रोजगारीबाट प्राप्त भएको देखिन्छ । वैदेशिक रोजगार आय आर्जनको प्रमुख स्रोत भए पनि उर्जावान र क्रियाशिल युवाहरूको पलायनको कारण खेतीपाती,पशुपालन, मह संकलन, जडिबुटी संकलन, व्यापार, परम्परागत व्यवसाय (डोको नाम्लो तथा राँडीपाखी र हस्तकला) र पर्यटनमा नकरात्मक प्रभाव परेको छ । रेमिट्यान्स पनि उत्पादनमूलक क्षेत्रको लगानी भन्दा पनि ब्याज तिर्ने, घरखर्च चलाउने, शिक्षा र स्वास्थ्यमा खर्च हुनाले, आय आर्जनमा धेरै सघाउ गरेको देखिदैन । वैदेशिक रोजगारमा अधिक पुरुषहरू जाने भएकोले बालबालिकाको शिक्षा, स्वास्थ्य र अन्य घरायसी कार्यमा महिलाहरूलाई कामको जिम्मेवारी बढी थुप्रिएको छ ।

स्वयमसेवी भावना र सामुदायिक काममा जनश्रमदान दिने प्रवृत्ति घट्दै गएको छ । यसको प्रमुख कारण रोजगारका अवसरहरू बढेकाले स्थानिय वासिन्दाहरू बढी व्यस्त हुनाले हो । स्थानियवासीहरू

कुनै न कुनै आय आर्जनका स्रोत जस्तैः ज्यालादारी, व्यापार, नोकरी, वैदेशिक रोजगारीमा लागेका छन् त्यसैले स्वयमसेवी काममा खट्दा उनीहरूले गुमाउने मुल्य (oppurtunity cost) अहिले बढेको छ । समाजको हरेक तहमा बजार अर्थतन्त्र (market economy) हावी भएकोले पनि गाउवासीको स्वयमसेवी भावनामा कमी आउनु अस्वभाविक होइन ।

### ८.६.३ पर्वतारोहण र पदयात्रा पर्यटनको स्थानिय समुदायमा पर्न सक्ने प्रभाव

यो गाँउपालिका पर्वतारोहणको निम्ति प्रसिद्ध छ । धवलागिरी हिमाल, गुर्जा हिमाल, पुथा र चुरेन हिमाल आरोहणका यहाको प्रमुख साहसीय पर्यटन गन्तव्य हो । पदयात्राको निम्ति गुर्जाखानी गाउ, जलजला क्षेत्र, धौलागिरी हिमाल सर्किट/परिपथ आकर्षक गन्तव्यहरू रहेका छन् । धौलागरी हिमाल सर्किट अन्तराष्ट्रिय स्तरमा चर्चित पदमार्ग भएको हुदाँ हरेक वर्ष अन्तराष्ट्रिय पर्यटकहरू उच्च हिमाली पदयात्राको अनुभव लिन आउछन । व्यवस्थित रेकर्ड राख्ने संयन्त्रको अभावमा बर्षेनी कति अन्तराष्ट्रिय पर्यटक र सहयोगीहर आउछन्, त्यो तथ्याङ्क उपलब्ध छैन । यद्यपी वार्ड छलफलमा बर्षमा करिब ६, ७ टोली आरोहणको निम्ति आएको हुन सक्ने बताउछन् । पालिकाको पार्श्वचित्र अनुसार ५० जना आएको देखिन्छ । म्याग्दि भएर मुस्ताङ निस्कने पर्यटकले म्याग्दि खोला करिडर, मगर वस्ती, लालीगुरांसको वन, वन्यजन्तुको अनुभव गर्दछन् । नितीगत दृष्टिले पनि धौलागिरी परिपथलाई विश्वकै उत्कृष्ठ पदयात्रा मार्गको रूपमा गण्डकी प्रदेश सरकारले पहिचान गरेको छ ।

गण्डकी प्रदेशको पर्यटन निती २०७५ अनुसार, अन्नपूर्ण परिपथ, अन्नपूर्ण आधार शिविर, मर्दि हिमाल पदयात्रामार्ग जस्तै धौलागिरी परिपथलाई विकसित र व्यवस्थापन गर्दै स्थानिय वासिन्दाहरूको जिविकोपार्जनमा टेवा दिने भनिएको छ । केही स्थानीय वासिन्दाहरूले पर्यटन व्यवसाय जस्तैः होटल तथा चिया पसल संचालन गरेका छन् । केहि युवाहरू भरीया, पथप्रदर्शक जस्ता पेशामा संलग्न छन् । आन्तरिक तथा वाह्य पर्यटकको बसोबासको लागि मुना, ताकम, लमसुङ, लुलाङ, गुर्जा गाँउहरूमा होमस्टे संचालनमा ल्याइएको छ । तर हाल पर्यटकहरूको संख्या अन्य क्षेत्रको गन्तव्यको तुलना धेरै न्युन भएकोले लाभ लिन सकेका छैन । मुदी, मल्कवाङ जस्ता अन्य गाउँहरूमा पनि होमस्टेहरू संचालन गर्न सके स्थानिय वासिन्दालाई अधिकतम् लाभ प्रदान गर्न सकिन्छ । हाल संचालमा ल्याइएका होमस्टेहरूमा प्रदेश सरकार र स्थानिय सरकारले निर्धारण गरेका मापदण्डहरू अनुरूप थप व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

यसको साथै प्रचार सामग्रीहरूको निर्माण गरेर पालिका, वडा कार्यालय, डिभिजन वन कार्यालय, होमस्टे र सदरमुकामस्थित होटल लजमार्फत वितरण गर्न सकिए, थप पर्यटकलाई आकर्षित गर्न सकिन्छ । पर्यटन विस्तार हुदै गए कृषक र व्यवसायीहरूले होमस्टे, होटललाई कृषि उत्पादन, दुग्ध पदार्थ र अन्य सामग्रीहरू बेचेर पनि थप आय आर्जन गर्न सक्छ । आर्थिक लाभको अतिरिक्त पर्यटकहरूसंग स्थानियहरूको बढ्दो अन्तरक्रियाले उनीहरूलाई शिक्षा, स्वास्थ्य, जीवीकोपार्जन, कलासंस्कृतिको बारेमा पनि धेरै जानकारी हुन्छ जसले गर्दा उनीहरूको चेतनाको स्तर बढ्न जान्छ । स्थानिय वासिन्दाको सोचाईको दायरा फराकिलो हुन्छ । तर यसको साथै आयातित पश्चिमी संस्कृतिको नक्कल गर्ने प्रवृत्ति पनि स्थानिय युवाहरू माझ बढ्न सक्ने संभावना पनि उतिकै छ ।

# ९ पर्यटनको समग्र परिदृश्य

## ९.१ पर्यटन क्षेत्रका विद्यमान संभावना, अवसर र चुनौतीहरू

धवलागिरी गाउँपालिकामा पर्यटकिय दृष्टिले धेरै संभावना सम्पन्न भएर पनि यहाका स्थानिय वासिन्दाहरू पर्यटनबाट लाभाविन्त हुन सकेका छैनन । विश्वकै सातौं अग्लो हिमाल धौलागिरीको (८,१६७ मी) अधिकांश भाग र धौलागिरी आधारशिविर जाने प्रवेश विन्दु यहि पालिका अन्तरगत पर्दछ। धौलागिरी हिमाल वाहेक गुर्जा हिमाल (७,१९३ मी), चुरेन (७,३७१ मी) र पुथा हिमाल (७,२४६ मी) पनि यसै पालिकाको अन्तिम गाउ गुर्जाखानी हुदै जान सकिन्छ। महतला नजिकको सुन्दर नारजा झरना, गुरासको वन र खुला खर्क भएको जैविक विविधतायुक्त जलजला क्षेत्र, रुघाचौ जस्ता आकर्षक भ्यू प्वाईन्ट पनि यस पालिकाका अन्य आकर्षण रहेका छन् ।

नितीगत दृष्टिले पनि धौलागिरी परिपथलाई विश्वकै उत्कृष्ठ पदयात्रा मार्गको रूपमा गण्डकी प्रदेश सरकारले पहिचान गरेको छ । गण्डकी प्रदेशको पर्यटन निती २०७५ अनुसार, अन्नपूर्ण परिपथ, अन्नपूर्ण आधार शिविर, मर्दि हिमाल पदयात्रामार्ग जस्तै धौलागिरी परिपथलाई पनि विकसित र व्यवस्थापन गर्दै स्थानिय वासिन्दाहरूको जिविकोपार्जनमा टेवा दिने भनिएको छ। प्रचलनमा रहेको धौलागिरी परिपथको प्रवेश विन्दु मुदी, खिवाङ, मराङ, मल्कवाङ यसै धौलागिरी गाउँपालिका अन्तरगत भएकोले यस परिपथको निर्माण, स्तरोन्नती र प्रबर्धनले असिमित संभावना बोकेको छ ।

प्राकृतिक पर्यटकिय उत्पादन र गन्तव्य मात्र नभई, धार्मिक सांस्कृतिक महत्वको ताकमकोट, कोट मन्दिर, गढी, किल्ला, जगन्नाथ मन्दिर, मालिकाधुरी, वराहताल जस्ता पर्यटकिय आकर्षणहरू पनि यहा विद्यमान छन् । ३,३०० मिटरको उचाइमा रहेको मालिका धुरीमा एक देवीको मन्दिर छ । टोड्के, थाइवाङ, ठाडाखानी, दुखु, हिदी र ताकमबाट जान सकिने यो धुरीमा गाऊ छाडेर सात घण्टासम्म जंगल र भीरमा हिड्नु पर्छ। यो स्थानबाट फेवाताल लगायत, म्याग्दिका अधिकांश गाउ र बाग्लुङ पर्वतका धेरै गाऊ देख्न सकिन्छ (कर्ण बहादुर बांनिया, २०७५) । साथै यस धुरीबाट सुन्दर सूर्योदय पनि देख्न सकिन्छ। गुर्जा खानी गाउ छन्त्यालहरूको घना बस्ती भएको नेपालकै गाउमा पर्दछ। यस गाउमा आदीवासी जनजाति छन्त्यालहरूको भाषा, पहिरण, संस्कृति र रितिरिवाज अवलोकन गर्न सकिन्छ ।

यी यावत् अवसरहरूका वावजुद निम्न चुनौतीहरूको कारण, यस क्षेत्रको पर्यटनको पर्याप्त विकास तथा व्यवस्थापन हुन सकेको छैन ।

**सदरमुकाम बेनीबाट धवलागिरी पालिकासम्मको बाटो पक्की, सहज र सुरक्षित नहुनु। कच्ची भएकोले केहि स्थानमा पहिरोको कारणले बर्षा याममा यात्रा कठिन रहेको ।**

बेनी, म्याग्दि जिल्लाको सदरमुकामबाट धवलागिरी पालिकासम्म पक्की, सहज र सुरक्षित मोटरबाटोको अभाव सबैभन्दा ठूलो व्यवधान हो । सहज पहुचलाई पर्यटन पूर्वाधारहरू मध्य आधारभूत मानिन्छ। भिरपहराको बाटो, भूक्षयले गर्दा बर्षातमा उक्त बाटोमा यात्रा गर्न कठिन छ। पक्की र सुरक्षित बाटो भएको खण्डमा, आन्तरिक र अन्तराष्ट्रिय पर्यटकहरूलाई धवलागिरी गाउँपालिकाको प्राकृतिक, धार्मिक सांस्कृतिक र साहसीक पर्यटकिय गन्तव्यतर्फ आकर्षित गर्न सकिन्छ । अहिलेको स्थितीमा बेनीबाट अधिंकाश आन्तरिक पर्यटक मुक्तिनाथको दर्शन गर्न जान्छन् तर ती पर्यटकहरूलाई नजिकै पर्ने धवलागिरी पालिकाको ताकमकोट, मालिकाधुरी वा महतलाको नारजा झरनासंग आकर्षित हुन सकिरहेको छैन। सहज बाटो, प्रभावकारी प्रचारप्रसार र गुणस्तरीय अभावले, सिंग तातोपानीमा आउने पर्यटकलाई समेत आकर्षित गर्न सकिएको छैन। वर्तमान समयमा सहज बाटो र प्रचार प्रसार भएको

खण्डमा आन्तरिक पर्यटकहरू विशेष युवा वर्ग मोटरसाईकल वा गाडि रिजर्भ गरेर घुम्न, नयां स्थानको अनुभव गर्न आउने थियो । बेनीदेखि धवलागिरी पालिकासम्मको कच्ची बाटो यस पालिकाको पर्यटन विकासको निम्ति ठूलो व्यवधानको रूपमा उभिएको छ । यो चुनौतीलाई सफलतापूर्वक सामना गर्न सके, पर्यटनको संभावना असिमित हिसाबले बढेर जाने निश्चित छ ।

## गाउँपालिका भित्रका पर्यटकिय गन्तव्यसम्म पुग्न सुरक्षित र सहज पदमार्ग वा परिपथको (circuit) अभाव

अन्तराष्ट्रिय पर्यटकहरू पदयात्रा गर्न, बाटामा पर्ने जैविकविविधताहरू अवलोकन गर्न र सुन्दर हिमालका दृश्यको आनन्द उठाउन चाहन्छन् । तालिमप्राप्त पथ प्रदर्शकको साहारामा पदायात्रा सामुहिक र स्वतन्त्र रूपमा पर्यटन नक्शा वा गाईड बुकको सहारामा भ्रमण गर्ने दुई प्रकारका पर्यटकहरू नेपालमा भेटिन्छन् । पहिला खाले पर्यटकहरू दर्तावाल टुर संचालक व्यवसायी वा ट्राभल एजेन्सीमार्फत आउछन् भने दोश्रो प्रकारका पर्यटकहरू स्वतन्त्ररूपमा एक्लै आउछन् । साथै अन्तराष्ट्रिय पर्यटकहरूको तुलनामा आन्तरिक पर्यटकहरू विदा मनाउन, प्रकृतिको सामु शान्त समयमा रम्न र प्राकृतिक दृश्यावलोकन गर्न रुचाउछन् । आन्तरिक पर्यटकहरू साहसीक पर्यटनतिर कमै आकर्षित हुन्छन् । आन्तरिक पर्यटकहरूमा पनि छिमेकी भेग र जिल्लाका पर्यटकहरू धार्मिक सांस्कृतिक धाम, तिर्थ, मन्दिर, कोट जस्ता स्थानमा चाडपर्वमा आउने गरेका छन् । जुन सुकै प्रयोजनको निम्ति गरिने भ्रमण वा पदयात्रा भएपनि सबभन्दा महत्वको पूर्वाधार भनेको सहज र सुरक्षित पदमार्गको सुविधा हो । सुरक्षित, जोखिमरहित, सूचना संकेतहरूले सुसज्जित पदयात्रा, गोरेटोबाटो वा पुल पुलेसाको अभावमा पर्यटकहरूको आगमनलाई आकर्षित गर्न कठिन छ । यस पालिकाको विभिन्न पदमार्गहरूलाई स्तरोन्नती गर्न अत्यन्त आवश्यक छ ।





चित्र ९.१ क, खः लुलाङ - देउराली खण्डको पदमार्ग, देउराली-गुर्जागाउ खण्डको पुलको जर्जर अवस्था (रोशन शेरचन/वि.प्र.सं.ने)



चित्र ९.२: मराङ्- मल्कवाङ खण्डको पदयात्रा मार्ग (रोशन शेरचन/वि.प्र.सं.ने)

## पदयात्रा मार्ग वा परिपथमा आवश्यक विश्रामस्थल र खानेपानीको अभाव

पर्यटकहरूको आफ्नो रोजाइको गन्तव्य घुमेर त्यहि बाटो फर्कन चाहदैन बरु अर्कै बाटोबाट निस्कन चाहन्छ । यस्ता पदमार्गलाई परिपथ (circuit) भनिन्छ । यसको मुख्य कारण, उहि समयमा पर्यटकहरूले फरक स्थान, दृश्यावलोकन र संस्कृतिको अनुभव गर्न पाउछन् । यस्ता परिपथमा प्रत्येक दुई, तीन घण्टाको दुरीमा विश्रामस्थल, खानेपानीको धारो र संकेत चिन्ह अनिवार्य हुनुपर्छ । भारी बर्षात हुदा, असिना पानी पर्दा वा चट्याङ पर्दा विश्रामस्थलमा पर्यटकहरू सुरक्षित वस्न पाइन्छ । विश्रामस्थलकै छेउछाउ पानीको धारो आवश्यक पर्दछ । साथै त्यो विश्रामस्थल रहेको स्थानको नाम, उचाई र अर्को स्थान कति दुरीमा रहेको छ र त्यसको उचाई कति हो ? त्यसको जानकारी अनिवार्य उपलब्ध हुनपर्छ । तर यस्ता आधारभूत सेवा सुविधाहरू यस पालिकाको पदमार्ग वा परिपथमा छैन । यो अर्को व्यवधानको रूपमा रहेको छ ।

## सुविधासम्पन्न होटल, लज वा होमस्टेको कमी

पर्यटकहरूको निम्ति सुविधासम्पन्न र आरामदायी होटल, लज र होमस्टेको कमी यस पालिकाको अवरोधको रूपमा देखिएको छ । धवलागिरी गाउँपालिकामा व्यवसायिक रूपमा तालिम हल भएका होटलहरू छैनन्, तर खाना र आवास सुविधा भएका केहि होटलहरू छन् । यो गाउँपालिकामा विदेशी पर्यटकहरू धवलागिरी हिमाल चढ्नको लागि आउने हुनाले केही राम्रा होटलहरू पनि निर्माण भएका

छन् भने केहि गाउहरूमा होमस्टे संचालन गरिएको छ। तर पनि यी पर्याप्त छैन। यहाका होटेलहरूलाई मुख्य रूपमा ४ तहमा वर्गीकरण गर्न सकिन्छ। खाना तथा आवासको सुविधा भएका, खाना खाने मात्र सुविधा भएका, सामान्य चिया नास्ता मात्र खाने सुविधा भएका र होमस्टे।

तालिका ९.१: होटल तथा होमस्टे सम्बन्धि विवरण (गाँउपालिका अभिलेख)

| क्र.स. | होटल वा होमस्टेको प्रकार | संख्या | स्थान |
|---|---|---|---|
| १ | खाना र आवास सहित तालिमहल भएको | ० | |
| २ | खाना र आवासको सुविधा भएको | २० | धारापानी, ताकम, सिवाङ,मुना, मुदी, लुलाङ,मराङ, |
| ३ | खाना सुविधा मात्र प्रदान गर्ने (आवास नभएको) | १० | धारापानी, ताकम, सिवाङ,मुना, मुदी, लुलाङ,मराङ, |
| ४ | घरवास (होमस्टे) | १८ | ताकम, मुदी,गुर्जा,मुना, लमसुङ |
| ५ | चिया नास्ता पसल | ६ | ताकम, मुना, मुदी, लुलाङ,मराङ, |

खाना वा परिकार मान्छेको रुचिमा भर पर्छ। तर हाटेल, लज र होमस्टेले पर्यटकलाई स्वस्थ्यकर र विविधतायुक्त खाना दिनु जरुरी छ। यस पालिकामा पर्यटनको अपेक्षाकृत विकास नभएसकेकोले, गुणस्तर र सुविधाजनक होटल, र होमस्टेहरूको प्रबन्ध गर्नु पालिका लगायत होटल, होमस्टे संचालक सामु चुनौती छ। हावा ओहोरदोहोर गर्ने कोठा, कोठाको मापदण्ड अनुसारको साईज, कोठामा हुनुपर्ने आवश्यक ओछ्यान, टावल, चप्पल, ह्यांगर शौचालय, तातोपानीको व्यवस्था आदिको अभावमा पर्यटकहरूको बसाई आरामदायी हुन सक्दैन।

होमस्टेको न्युनतम मापदण्ड पुरा गरे मात्र गुणस्तरीय सेवा प्रदान गर्न सकिन्छ। अबको प्रतिस्पर्धाको समयमा विचार गर्नुपर्ने कुरा के छ भने, पर्यटकसंग अन्य गन्तव्यहरू पनि उपलब्ध छ। प्रतिस्पर्धात्मक लाभको निम्ति पनि पदमार्ग वा परिपथमा पर्ने गाउवस्तीहरूमा स्वस्थ्यकर र आरामदायी होटल, लज वा होमस्टेले राम्रो सेवा सुविधा हुनु पर्छ। होमस्टेको हकमा, स्थानिय उत्पादनहरूलाई बढी प्रयोग गरेर विभिन्न परिकारहरू पस्कदा पर्यटकले नौलो अनुभव गर्न पाउछ। अर्को तर्फ स्थानिय अर्थतन्त्रलाई पनि टेवा पुग्छ। तर विद्यमान अवस्थामा स्थानिय र रैथाने उत्पादनमा अपेक्षा गरिए अनुसार जोड दिइएको छैन। पर्यटकहरूको अभावमा होमस्टेहरू निराश देखिन्छन्। हाल मुना, लमसुङ, लुलाङ र गुर्जामा केहि होमस्टेले मात्र त्यस्ता सेवा सुविधा प्रदान गरिरहेको छ, जुन पर्याप्त छैन। यी सेवा सुविधाको दायरालाई बढाउनु आवश्यक छ।

तालिका ९.२: होमस्टेको न्युनतम मापदण्ड (उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार)

| क.सं | होमस्टेको न्युनतम मापदण्ड | क.सं | होमस्टेको न्युनतम मापदण्ड |
|---|---|---|---|
| १ | पर्यटकलाई सुलभ, सरल र सहज वातावरणमा स्थानीय परिकार, रितीरिवाज, कला संस्कृति र रहनसहनको उत्कृष्ट अनुभव प्रदान गर्ने | १० | एक घरमा बढीमा ४ कोठा पर्यटकका लागि छुट्याउनुपर्ने |

| क.सं | होमस्टेको न्युनतम मापदण्ड | क.सं | होमस्टेको न्युनतम मापदण्ड |
|---|---|---|---|
| २ | होमस्टेमा हुनुपर्ने न्यूनतम मापदण्ड | ११ | एउटा कोठामा बढीमा २ वटा ६.५ फिट लम्बाई र ३ फिट चौडाईका ओछ्यान हुनुपर्ने । |
| ३ | घर मौलिक संस्कृति झल्किने खालका हुनुपर्ने | १२ | भुईमा कार्पेट वा राडी वा सफा गुन्द्री ओछ्याएको हुनुपर्ने |
| ४ | हावाहुरी र जङ्गली जनावरबाट सुरक्षित, हिलोरहित, धुलोरहित र सफा सुग्घर हुनुपर्ने | १३ | ढोकामा खुट्टा पुछ्ने बोरा वा डोरम्याट भएको हुनुपर्ने |
| ५ | पाहुनाका लागि कम्तीमा एउटा अलग्गै कोठा हुनुपर्ने | १४ | नरम खालको सेतो तन्ना र ओढ्ने खोलको व्यवस्था हुनुपर्ने |
| ६ | भित्तामा वा ढोकाको पछाडिपट्टि लुगा झुण्ड्याउने व्यवस्था हुनुपर्ने | १५ | सुत्ने कोठामा धुवाँआउन नहुने, भान्सा कोठा र भऱ्याङ्ग कोठा पर्यटक सुताउनका लागि प्रयोग नगर्ने |
| ७ | कोठामा बिजुली बत्ती वा लाल्टिन वा मैन वा टुकी पानस बाल्ने व्यवस्था हुनुपर्ने | १६ | सुत्ने कोठामा राम्रा राम्रा दृश्य र स्थानीय संस्कृति झल्कने तस्विर राख्नुपर्ने |
| ८ | फोहोर फाल्न एउटा डस्टविनको व्यवस्था हुनुपर्ने | १७ | प्रत्येक पाहुनाका लागि एकजोर चप्पलको व्यवस्था हुनुपर्ने |
| ९ | भित्तामा एउटा अर्धकद देखिने ठूलो ऐना झुण्डाएको हुनुपर्ने | १८ | सम्भव भएसम्म सुत्ने कोठामा चिया टेवल र २ वटा कुर्सी राख्नुपर्ने |

### पर्यटकलाई आवश्यक र गुणस्तरीय पर्यटकिय सूचना प्रदान गर्ने केन्द्र वा संयन्त्रको अभाव

गुर्जा हिमाल वेस क्याप, धवलागिरी वेस क्याप, धवलागिरी उच्च हिमाली पदयात्रा, जलजलाक्षेत्र पदयात्रा लगायत अनेकौं धार्मिक सांस्कृतिक सम्पदाहरूको सन्दर्भमा पर्यटकलाई आवश्यक, सहज र गुणस्तरीय सुचना प्रदान नहुनु अर्को व्यवधान हो । हिमाली पदयात्रा भन्नासाथ सगरमाथा खुम्बु क्षेत्र पदयात्रा, अन्नपुर्ण क्षेत्र पदयात्रा, लाङटाङ पदयात्राको संस्मरण हुन्छ तर उतिकै संभावना बोकेको धवलागिरी पदयात्राबारे धेरैलाई थाहा छैन । त्यस हुनाका कारण, आवश्यक संयन्त्रको अभाव, सरोकारवालाहरूको ध्यान पुग्न नसक्नु, पर्यटन क्षेत्रमा स्थानिय पथप्रदर्शक र टुर संचालकहरू नहुनु र प्रबर्धनात्मक सामग्रीहरूको अभाव हुन् । धौलागिरी क्षेत्रका पर्यटकिय आकर्षण, उत्पादन र गन्तव्यहरू बारे लेखिएको ब्रोसर, पोष्टर वा अनलाईन सामग्री छदै छैनन वा अत्यन्त न्युन छन् । भएको पनि अध्यागमन काउन्टर, होटल, रेष्टुरेन्ट, होमस्टे, गाउँपालिका, वडा कार्यालय, प्रहरी चेक पोष्ट, डिभिजन वन कार्यालय, प्रदेश पर्यटन वोर्डजस्ता आउटलेटबाट वितरण भएको देखिदैन । अबको युग भनेको बजार प्रबर्धन र प्रचारप्रसारको युग हो । सुचना प्रविधीले फड्को मारेको वर्तमान समयमा समयानुकुल सामाजिक संजालहरूको प्रयोग गरेर पनि संभावित पर्यटकहरूलाई आकर्षक र उपयोगी सुचना र जानकारी दिन सके मात्र पर्यटकले पदयात्राको भरपुर आनन्द उठाउन सक्दछ । आवश्यक सुचना बेलामै प्रदान गर्दा यात्राको दौरानमा हुन सक्ने जोखिमलाई पनि कम गर्दै सुरक्षित वनाउन मदत पु-याउछ ।

### पर्यटकिय गन्तव्यबारे आवश्यक ठाउमा सूचना पाटी वा सूचना संकेत नहुनु

पदमार्ग र दोबाटोहरूमा सूचना पाटी वा संकेत चिन्हको अभाव देखिन्छ। पर्यटक वा अतिथीलाई सहि मार्ग छनौट गर्न, आउदै गरेको गन्तव्य कति दुरी र उचाईमा छ ? थाहा दिन यस्ता संरचनाको आवश्यक पर्छ । आगामी दिनको भ्रमणको योजना बनाउन साथै पर्यटकको सुरक्षाको निम्ति पनि सूचना पाटी वा संकेत चिन्हले सघाउछ । घना वन जंगलमा यस्ता संकेतको अभावमा पर्यटकहरू बाटो भुक्किई ज्यान नै जोखिममा पर्न सक्छ। नेपालका अन्य पर्यटन क्षेत्रमा पर्यटकहरू यस्ता संकेत चिन्ह, सूचनापाटीको अभावमा बाटो बिराएर भिर पहिरोमा परेको, घना जंगलमा हराएर बिचल्ली परेको, मृत्यु भएका धेरै घटनाहरू छन्। विशेष गरेर, स्वतन्त्ररूपमा आउने पर्यटकहरूको निम्ति संकेत चिन्ह आवश्यक पर्छ। विश्रामस्थल, सूचना पाटी पर्यटकको आरामदायी यात्राको निम्ति मात्र नभएर सुरक्षाकै निम्ति पनि अत्यावश्यक छ । एकरूप सूचना पाटी वा संकेत नहुनु पनि दिगो पर्यटन व्यवस्थापनमा एक व्यवधान हो ।

धवलागिरीको ईटालियन वेस क्याम्पमा मोबाईलको नेटवर्क नपुगेकोले जोखिम आइ लाग्दा सुरक्षा निकाय, उद्धार कार्य, ट्रेकिङ एजेन्सी, सरकारी निकाय वा सम्बन्धित राजदुतावासमा सूचना पुऱ्याउन अत्यन्त कठिन छ । आरोहण टोली र सहयोगी कर्मचारीहरूको सुरक्षाको निम्ति संचार प्रविधी नहुनु ठूलो व्यवधान हो ।

### काठमाडौं वा पोखराका टूर अपरेटर वा ट्राभल एजेन्सीहरूबाट पर्यटकिय आकर्षण, उत्पादन र गन्तव्यको प्रबर्धन नहुनु ।

धवलागिरी गाउँपालिका अन्तरगतको जलजला वन क्षेत्र, गुर्जा हिमाल वेस क्याम्प, चुरेन हिमाल पदयात्रा, धवलागिरी वेस क्याम्प, नारभ्का भरना, गुर्जागाउको छन्त्याल संस्कृति र रहनसहन र धौलागिरी साउथ उच्च हिमाली पदयात्राको बारेमा काठमाडौं वा पोखरास्थित टुर अपरेटर र ट्राभल एजेन्सीहरूबाट प्रबर्धन भएको छैन । प्रवेश विन्दुमै यथेष्ठ प्रबर्धन नभएपछि पर्यटकहरू कम आउनु अस्वभाविक होइन । स्थानिय टुर अपरेट, पथ प्रदर्शकहरू नहुनु, पर्यटकिय भौतिक पुर्वाधार कमजोर हुनु र पर्यटकिय सेवा सुविधा गुणस्तरीय नहुनु आदि यसका निम्ति जिम्मेवार छन् । यी व्यवधानलाई सफलतापूर्वक सम्बोधन नगर्दासम्म यस पालिकामा आशातित दिगो पर्यटन व्यवस्थापन हुन कठिन छ ।

### प्रचार प्रसार र प्रभावकारी ब्राण्डिङको कमी

गाउँपालिका, डिभिजन वन कार्यालय, प्रदेश पर्यटन वोर्ड, उद्योग, पर्यटन, वन तथा व्यवस्थापन मन्त्रालय, गण्डकी प्रदेश र निजी व्यवसायी संस्थाहरूले प्रभावकारी प्रचार प्रसार र ब्राण्डिङ गर्न नसक्नु अर्को चुनौती हो । रणनैतिक दृष्टिले बजारमा कसरी प्रवेश गर्ने ? प्रतिस्पर्धात्मक लाभ भएको पर्यटकिय आकर्षण, उत्पादन र गन्तव्य कुनै छन् कि (uniqe selling point) ? कस्तो खालको पर्यटकिय उत्पादनको निम्ति कस्तो पर्यटक वर्गलाई लक्षियत गर्ने ? कस्तो प्रचार प्रसारको सामग्री अपनाउने ? कुन माध्यमबाट त्यस्ता प्रचार सागम्रीहरूको कसरी प्रसारण गर्ने ? जस्ता रणनैतिक प्रश्नको जवाफ खोजेर ब्राण्डिङ गर्नु पर्ने देखिन्छ । तर, त्यस्तो भएको छैन । छन्त्यालहरूको नेपालकै घना बस्ती भएको गुर्जा गाउजस्ता अद्धितिय विशेषता, धवलागिरीजस्तो विश्वकै अग्लो हिमाल मध्यको एक लाई प्रभावकारी तौरमा प्रयोग गर्न सकेको देखिदैन ।

### दक्ष जनशक्तिको अभावमा पर्यटकहरूलाई गुणस्तरीय पर्यटकिय अनुभव प्रदान गर्न नसक्नु

म्याग्दि जिल्ला वैदेशिक रोजगारमा जाने जिल्लाहरूमा अग्रपङ्क्तिमा पर्दछ। सहज र सुरक्षित पहुचको अभावमा विशेष म्याग्दि खोला करिडोरतिर पर्यटनको विकास शुरुवाती चरण मै छ। चुनिन्दा केहि अन्तराष्ट्रिय समूह हिमाल आरोहण र उच्च हिमाली पदयात्रा गर्न र नजिकको सिंग तातोपानीमा प्राकृतिक उपचारमा आउने स्थानिय वासिन्दा र आन्तरिक पर्यटन आउने बाहेक अन्य पर्यटक आएको देखिदैन (वार्ड भेला, २०७७)। यसै कारणले पनि स्थानिय वासिन्दामा पर्यटन क्षेत्रतिर लाग्नुको ठोस उत्प्रेरणा नभएको हुन सक्छ। दक्ष जनशक्तिको अभावमा आफ्नै जिल्लाका पर्यटकिय आकर्षण, उत्पादन र गन्तव्यहरूको प्रबर्धन कम हुनु स्वभाविक हो। यसै समस्यालाई मध्यनजर राखि धवलागिरी गाउँपालिकाले २०७७ सालमा १५ जना स्थानिय युवाहरूलाई पथ प्रदर्शक तालिम प्रदान गरेको थियो। स्थानिय पथ प्रदर्शक र टुर संचालकहरू भएको खण्डमा आफ्नो स्थानको प्रबर्धन हुने गर्छ। वर्तमान समयमा अधिकांश दक्ष जनशक्तिहरू खुम्बु र अन्नपुर्ण क्षेत्रको भएकोले धवलागिरीको पर्यटकिय आकर्षण र गन्तव्यहरू ओझेलमा पर्नु अस्वभाविक होइन। थप त्यसमा पूर्वाधार र सेवा सुविधाको स्तर कमजोर भएकोले पर्यटकहरूले गुणस्तरीय अनुभव गर्न पाउदैनन। दक्ष जनशक्ति उत्पादन दुरगामी रणनिती हो, जसमा त्यहाको पर्यटनको भविष्य टिकेको हुन्छ।

### उचित फोहोरमैला व्यवस्थापनमा कमी (गाउँवस्ती, पदयात्रामार्ग, धवलागिरी आधार शिविर)



चित्र ९.३: पदमार्गको अव्यवस्थित फोहोर मैला (रोशन शेरचन/वि.प्र.सं.ने)

पर्यटनको विकाससंगै सेवा सुविधाको मांग र आपूर्ति बढ्दै जादा फोहोर मैलाको उत्पादन पनि बढ्दै जान्छ। पर्यटकहरू फुर्सदको समय विताउन, रमाईलो गर्न र फरक परिवेश र स्थानको अनुभव लिन आउने हुनाले तुलनात्मक रूपमा बढी खाद्यान्न परिकार र पेय पदार्थ उपभोग गर्छन्। विशेष गरेर सिसा वोतल, प्लाष्टिक खोल, प्लाष्टिक वोतल, टिनका बट्टाहरू बढी उत्पादन हुन्छन् र उचित फोहोरमैला व्यवस्थापनको अभावमा यसले प्रदुषण निम्त्याउछ। उच्च हिमाल र वेस क्याम्पमा बरफको कारणले फोहोरमैलाहरू जस्तै: अक्सिजन सिलिण्डर, प्लाष्टिक खोल, वोतल र टिनका वट्टाहरू हजारौं लाखौं बर्षसम्म पनि कुहिदैन। फलस्वरूप त्यसले वातावरणलाई प्रदुषित वनाउछ। अत्याधिक फोहोर मैलाको कारणले पानीको स्रोत प्रदुषित भई झाडापाखाला जस्ता सरुवा रोग पनि निम्तिन सक्छ।

अध्ययन टोलीले फिल्ड भ्रमणकै क्रममा खोल्सा, खोलाकिनार र गाउवस्तीमा फोहोरमैला त्यसै जथाभावी फ्याकिएको र उचित व्यवस्थापन नभएको भेटेको थियो। फोहोरमैलाको उचित व्यवस्थापन कसरी गर्नुपर्छ ? त्यसको निम्ति के कस्ता वस्तुहरू, चरणहरू आवश्यक पर्दछ ? त्यसको ज्ञान नभएर

पनि फाहोरमैलाको सहि व्यवस्थापन नभएको हुन सक्छ । धौलागिरी गाउँपालिकामा अहिले नै फोहोर मैलाको समस्या विकराल बनिसकेको छैन तर उक्त समस्या पर्यटनको विकास संगै बढ्ने भएकोले बेलैमा ध्यान पुर्‍याउने र व्यवहारिक ज्ञान सीप लिनु आवश्यक देखिन्छ ।

### सुरक्षा संयन्त्रको अभाव

हिमाल आरोहण र उच्च हिमाली पदयात्रामा लेक लाग्ने समस्या हुने हुनाले त्यस्तो अवस्थामा तुरन्त उद्धार गर्न ठाउ ठाउमा हेलिप्याडहरूको व्यवस्था हुनु आवश्यक छ । फिल्ड छलफलमा जानकारी भएअनुसार, गुर्जा र लमसुङमा हेलिप्याड छ तर यो पर्याप्त छैन । मानववस्तीभन्दा माथि रणनैतिक महत्वको स्थान जस्तैः जलजला, रुवाचौर र आधारशिविरहरूमा पनि हेलिप्याड बनाउनु पर्छ । पालिकाभित्रैको उपयुक्त स्थानमा पर्यटन सूचना केन्द्र भए यात्रा थाल्नु अगि नै पर्यटकलाई पदमार्ग, सेवासुविधा, मौसम सम्बन्धि जानकारी र इमरजेन्सीमा के गर्ने भन्ने लगायतका जानकारी दिन सकिन्छ । साथै आधारशिविरका नजिका गाउमा स्वास्थ्य चेकपोष्टमा दक्ष स्वास्थ्यकर्मी भए आवश्यक परेमा स्वास्थ्य सुविधा प्रदान गर्न पनि सहज हुन्छ । पदमार्गमा बाटो बिराएर, भिरबाट लडेर दुर्घटना भए वा लुटपाटमा घाईते भए, नजिककै प्रहरी सुरक्षा तत्काल पुग्नुपर्छ तर हालको अवस्थामा पालिकाभित्र ताकममा मात्र प्रहरी चौकी भएकोले सुरक्षा संयन्त्रमा कमी छ ।

### स्थानिय सरकार, प्रदेश सरकार, संघीय सरकार, गैरसरकारी वा निजी संस्थाहरू बिच समन्वय र सहकार्यको चुनौती

यो नितीसंग जोडिएको सवाल हो । वर्तमान समयमा नेपालको संविधान, नेपालको संघीय, प्रदेश र स्थानीय ऐन कानुनहरू बिच धेरै अधिकार र जिम्मेवारी दोहोरिएको वा साझा सूचिमा राखिएको छ । संस्कृति, पर्यटन र नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, प्रदेश स्तरीय उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, नेपाल पर्यटन वोर्ड, प्रदेश पर्यटन वोर्ड, तारागाउ विकास बोर्ड, गाउँपालिका, डिभिजन वन कार्यालय, हान, टान, नाथम लगायतका निजी व्यवसायीहरू र गैरसरकारी संस्थाहरू बिच समन्वय र सहकार्य गर्नुपर्ने चुनौतीहरू विद्यमान छन् । यी संस्थाहरूसंग समन्वय र सहकार्य जति चुनौती हो, त्यसमा उतिकै अवसरहरू पनि निहित छन् । प्राविधिक ज्ञान सीप, आर्थिक स्रोत र मानवीय संशाधनको प्रबन्ध गर्न यस्ता समन्वयले सघाउछ र सामुहिक रूपमा काम गर्दा कम समयमा पर्यटनका कार्यक्रम र परियोजनाहरू सम्पन्न गर्न सकिन्छ । नियमित वैठक, औपचारिक अनौपचारिक छलफल, अन्तरक्रिया मार्फत पर्यटनको क्षेत्रमा आवश्यक प्राविधिक सहयोग, आर्थिक स्रोत जुटाउने र क्षमता अभिवृद्धिका कार्यक्रमहरू साझेदारीमा गर्न सकिन्छ । धवलागिरी गाउँपालिकामा होमस्टे तालिममा गुड नेवर इन्टरनेसनल र प्रदेश स्तरीय उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयबाट केहि कामहरू गरेको देखिन्छ । यद्यपी, पर्यटनमा काम गर्ने संघसंस्थाहरू धेरै छन् । प्रशस्त संभावनाका वावजूद सहकार्य सिमिती देखिन्छ । ब्रोसर जस्तो प्रचार प्रसारको सामन्य सामग्री बनाएर संस्थाहरूको सम्पर्कमा रहेको आउटलेटबाट ब्रोसर वितरण सम्म गरिएको छैन । निजी क्षेत्रका टुर संचालक र पत्रकारहरूलाई महत्वका गन्तव्यसंग परिचित गराउने भ्रमणको (familiarization tour) आयोजना पनि भएका छैन । अनेकन् सहकार्यका यस्ता क्षेत्रहरूमा सरोकारवालाहरूले ध्यान पुग्न जरुरी छ ।

## ९.२ पर्यटन क्षेत्रसंग सम्बन्धित ऐतिहासिक समय रेखा

अध्ययन टोलीले प्रयोग गरेका अध्ययन विधीमध्य एक ऐतिहासिक समयरेखा रहेको थियो । ऐतिहासिक समयरेखा भन्नाले विगतमा भएका कुनै पनि वाह्य वा आन्तरिक घटना, योजना वा गतिविधी जसले यस क्षेत्रको पर्यटनलाई सकरात्मक वा नकरात्मक असर पारेको होस्, त्यसलाई समयक्रम अनुसार

लिपिबद्ध गर्नु रहेको छ । अध्ययन टोलीले वार्ड स्तरीय भेलामा सहभागितामूलक तरिकाले वार्ड नं ३ मुना र वार्ड नं ६ मराङमा ऐतिहासिक समय रेखा तैयार गरेको थियो । वाह्य वा आन्तरिक घटना, योजना वा गतिविधीहरू पालिकास्तरकै सान्दर्भिक हुने साथै त्यसको प्रवृत्तिको कारण, केहि अपवाद छाडेर, वार्डस्तरमा भिन्न नहुने भएकोले सबै बार्डमा ऐतिहासिक समय रेखा लिइएन । मुना गाउमा लिइएको घटना, योजना र गतिविधी धेरै फराकिलो र दुरगामी महत्वको छन् भने मराङ्को भने स्थानिक छन् । उक्त ऐतिहासिक समय रेखाहरूको नतिजन तल प्रस्तुत गरिएको छ ।

## धौलागिरी गाऊँपालिकाको पर्यटन सम्बन्धी ऐतिहासिक समयरेखा




## वडा नं ६, मराङको पर्यटन सम्बन्धी ऐतिहासिक समयरेखा



### ९.३ विद्यमान तथा संभावित पर्यटकिय उत्पादन तथा गन्तव्य

### ९.३.१ प्रकृति तथा जैविक विविधतामा आधारित पर्यटकिय उत्पादन तथा गन्तव्य

धवलागिरी पालिकामा प्रकृति तथा जैविक विविधतामा आधारित ३ वटा प्रमुख पदयात्रा मार्ग/सर्किट रहेको पहिचान गरिएको छ, यद्यपी साहसीक पर्यटनलाई पनि प्रकृतिमै आधारित पर्यटन मानिन्छ। साहसिक पर्यटनमा पर्यटनको विशेष ज्ञान, सिप, धैर्यता र साहसको परिक्षा हुनाले त्यसलाई भिन्न श्रेणीमा समेटिएको छ। पदयात्रा मार्गका प्रशस्त सहायक मार्ग वा वैकल्पिक मार्गहरू हुन्छन् तर यहा मुख्य पदयात्रा मार्ग वा गोरेटो बाटोलाई मात्र लिइएको छ। मुख्य पदयात्रामार्गहरूको विकास भएपछि स्वत सहायक मार्ग वा वैकल्पिक मार्गको अवस्था पनि सुध्रन्छ। यी पदयात्रामार्ग वा सर्किटको पूर्वाधार विकास वा स्तरोन्नती आवश्यक छ। यी पदयात्रा मार्ग वा सर्किटको विवरण तल दिइएको छ।

- धवलागिरी साउथ सर्किटः मराङ/मल्कवाङ-पुतली डांडा/धुरीखर्क- रातमाटे - रुवाचौर - रिखार (रघुगंगा पालिका) - रिरु - नयावन - कालीवराह - नाउरीकोट/नाकुम (मुस्ताङ)

मराङ/मल्कवाङलाई कच्ची सडक संजालले जोडेको छ। मल्कवाङवाट पुतली डाडांसम्मको पदयात्रा करिब २ घण्टाको दुरीमा छ। पुतली डाडां राम्रो भ्यु प्वाईन्ट हो जहाबाट धौलागिरी, गुर्जा हिमाल र चुरेन हिमाल देख्न सकिन्छ। पुतली डाडा आसपास गुरासको वन रहेको छ। मराङ वा ल्कवाङलाई पहिलो क्याम्प मान्दा, दोश्रो क्याम्पको निम्ति धुरीखर्क उपयुक्त हुन्छ। त्यसपछि रातमाटे हुदै रुवाचौर तेस्रो क्याम्प छ। रुवाचौर जैविक विविधताले भरिपुर्ण मूलत खर्क क्षेत्र हो जहा वहुमूल्य जडिवुटीहरू जस्तै पांच औले, यार्सागुम्बा र बिखमा आदि पाइन्छ। रघुगंगा पालिकाकै रिखार र रिरु क्रमशः चौथो र पांचौ क्याम्पको निम्ति उपयुक्त छ। धौलागिरी हिमालको दशिणी मोहडाबाट प्रकृतिको अनुपम सौन्दर्य लिदै धौलागिरीको जरामा रहेको छैठौं क्याम्प नयां वन र सातौ क्याम्प कालीवराह उपयुक्त हुन्छ। काली वराह उच्च हिमाली ताल हो र यसको धार्मिक तथा सांस्कृतिक महत्व पनि छ। अर्को दिन मुस्ताङ्को नाउरीकोट/कोवाङ निस्कन्छ, जसलाई सडक संजालले जोडेको छ। यसरी करिब ८, ९ दिनको यो पदयात्रामा विविध वन्यजन्तु, चराचुरुङ्गि, ल्याण्डस्केप र धौलागिरी लगायत अन्य हिमालचुलीहरूको सुन्दर दृश्य नजिकबाट देख्न सकिन्छ।

- जलजला पदयात्राः सिवाङ-लमसुङ-लुलाङ-मरेनी-जलजला-भुङ्नी/ढोरपाटन-पैरेनी-खोरिया-महतला-मुना वा सिवाङ-लमसुङ-लुलाङ-मरेनी-जलजला-खोलाखर्क/ढोरपाटन- देउरालीपास-लुलाङ-लमसुङ-मुना

उपल्लो जलजला लमसुङबाट करिब ३ घण्टाको दुरीमा पर्दछ। जलजला क्षेत्र मुलत चारैतर्फै वनले ढाकिएको खर्क क्षेत्र हो, जहाबाट हिमालहरूको (गुर्जा, धौलागिरी) दृश्य देख्न सकिन्छ र तीन थरिको गुराँसप्रजाति, चिमाले (रातो, हल्का रातो र सेतो रंगको) पाइन्छ। यहा बराह ताल रहेको छ। विगतमा जलजला भएर नै ढोरपाटन, रुकुम रोल्पा जाने प्रचलन थियो। तर, समयक्रममा वाग्लुङ बुर्तिबाङ सडकसंजालले जोडिएपछि र रुकुम रोल्पाको बाटो सहज भएपछि यसको महत्व कम हुदै गयो। यस क्षेत्रमा होटल, लज नभएकोले क्याम्पिङ नै गर्नु पर्छ। बर्षामा गोठहरूमा बस्न सकिन्छ। वन्यजन्तुको दृष्टिले जलजला क्षेत्र अत्यन्त समृद्ध रहेको छ। ढोरपाटन शिकार आरक्षको पर्से ब्लक वार्ड नं २ मा पर्दछ। साथै रुघाचौर ब्लक पनि पर्दछ। तसर्थ ढोरपाटन आरक्षमा पाइने वन्यजन्तुहरू यस ब्लकमा पनि पाईन्छ। जलजला क्षेत्रको विस्तृत जैविक विविधता अध्ययन गरि प्राणी उद्यानको (zoological garden) रूपमा विकसित गर्न सकिने संभाव्यता अध्ययन जरुरी देखिन्छ।

जलजला क्षेत्रको धार्मिक सांस्कृतिक महत्व पनि छ । यहा रहेको सानो मन्दिरमा बर्षेनी जेठ अन्तिम वा असारको पहिलो हप्तामा मच्छिम गाउवासीहरू भेडा लिएर सिमेभुमेको पुजा आजा गर्न जान्छन् ।

- लमसुङ गुर्जाखानी परिपथः सिवाङ-लमसुङ/लुलाङ-देउरालीपास-गुर्जाखानी गाउ-धुर्मा-खरिवास-अर्चे-नेरवाङ-मुदी

गुर्जाखानी पुगिसकेपछि देउराली पासको बाटो नफर्कि धुर्मा-नेरवाङका बाटो भई मुदी आउन सकिन्छ । तर यो परिपथमा पदयात्रा मार्ग वा गोरेटो बाटो पर्यटकहरूको निम्ति निकै अप्ठ्यारो भएकोले त्यति प्रयोगमा छैन । सहज र सुरक्षित बनाउने हो भने पर्यटकहरू उहि बाटो बाट फर्कने भन्दा नयां बाटोको अनुभव गर्न चाहन्छ । यस मार्गमा तातोपानीको कुण्ड रहेको छ, जुन अहिले स्थानिय वासिन्दाहरूले प्रयोग गर्दछ ।

**झरना**

यस पालिकाको प्रकृतिमा आधारित पर्यटकिय आकर्षणहरूमा झरना पनि पर्दछ । धेरै झरनाहरू बर्षामा मात्र पलाउने अस्थायी छन् भने केहि झरनाहरू बाह्रमासे छन् । त्यस मध्य एक रमणीय झरना महतलामा अवस्थित नारजा झरना (९७मी) हो, जुन सडक संजालसंग जोडिएको छ । अत्यन्त रमणीय नारजा झरना, सहज पहुच, प्रचार प्रसारको कमी र होटल, लजको अभावले पर्यटकहरूमाझ लोकप्रिय बन्न सकेको छैन ।

मुनाबाट लमसुङ- गुर्जागाउ जादा यस झरना करिब १५ मिनेटको दुरीमा पर्दछ । सहज पहुच र भौतिक पूर्वाधार भएको खण्डमा सदरमुकामबाट केहि घण्टामै बाइक, मोटरमा आन्तरिक पर्यटकहरू झरनाको दृश्यावलोकन गर्न आउन सक्छ । वडा नं ३ मा अवस्थित दरको भुतभुते झरना अर्को उल्लेखनीय झरना रहेको छ ।



चित्र ९.४: रमणीय नारजा झरना, महतला (मनिश कोख श्रेष्ठ/वि.प्र.सं.ने)

**जैविक विविधता**

धौलागिरी गाउँपालिका जैविक विविधताको दृष्टिले धेरै समृद्ध छ । धौलागिरी पालिकाको ठुलो क्षेत्रमा राष्ट्रिय वन, ढोरपाटन शिकार आरक्षको केहि भाग रहेको छ । साथै यस क्षेत्रमा ४३ वटा सामुदायिक वनहरू पनि पर्दछन् (धौलागिरी गाउँपालिका पार्श्वचित्र, २०७४) । माथितिरको उचाईमा फैलिएको

राष्ट्रिय वन र गाउवस्ती नजिकका सामुदायिक वन वन्यजन्तु र चराचुरुङ्गिको वासस्थान हुन् । लुलाङ्गबाट देउराली पासको मार्गमा खस्रु, फलांट, बांझ, गुरांसको वन देख्न सकिन्छ । त्यस्तै देउरालीबाट गुर्जाखानी गाउ तर्फ लाग्दा, चिमाल (सेतो गुराँस), भुङ सल्ला, डालेचुकका झाडी र गुरांसका जंगल भेटिन्छन् । जडिवुटीको दृष्टिकोणले समेत यो पालिका समृद्ध छ । यहा पाइने प्रमुख जडिवुटीहरूमा यार्सागुम्वा, सतुवा, वोझो, चिराइतो, पाँचऔले, टिमुर, निरमसी, लौठसल्ला,चुत्रो, बिखमा, तितेपाती, तेजपात, सुगन्धवाल, जिवन्ती, काउलो, कालोकाफल, जटामसी, अमिली, वरुवा, तिते, सिलाजत, इन्द्रावती, पांग्रो, कुरिलो, डालेचुक, सिलटिमुर, धकायो, रातो च्याउ, निउरो, धोडरे आदि हुन् । धौलागिरी पालिका म्याग्दि जिल्लाकै सबैभन्दा बढी अल्लो पाउने पालिकाको निम्ति चिनिन्छ । अल्लो १४००, १५०० मिटरको उचाईमा पनि पाइन्छ तर गुणस्तरीय अल्लो १८०० मिटर भन्दा अग्लो क्षेत्रको मानिन्छ । तर हाल दिगो व्यवस्थापनको कमी र जलवायू परिवर्तनको कारणले अल्लोको उत्पादनमा कमी आइरहेको स्थानिय वासिन्दा वताउछन् । हाल अल्लोको प्रशोधन केन्द्र धारापानीमा रहेको छ जसले गुर्जा, मुदी, लुलाङ, मुना र छिमेकी पालिकाबाट पनि कच्चा पदार्थ ल्याई प्रशोधन गरि कपडाहरू बनाउने गर्दछ । यस वन उद्यमले ९ जना स्थानिय वासिन्दालाई स्थायी रोजगार दिएको छ भने, माथिका गाउका वासिन्दाहरूलाई मौसममा संकलन गरे वापतको ज्याला दिई जीविकोपार्जनलाई सघाएको छ (निमित्त डिभिजनल वन अधिकृतसंग अन्तरवार्ता, २०७८)

बैशाख जेठ महिनामा पालिकाको उत्तरी गाऊहरू जस्तैः गुर्जा, मुदी, मल्कवाङका वासिन्दाहरू उच्च खर्कमा यार्सागुम्बा संकलन गर्न जान्छन् । गुर्जावासीहरू हिमालजरा (गुर्जा), नाउरे, थारखोला, घेलेचेन बुकीमा यार्सागुम्बा संकलन गर्न जान्छन् । करिब ७५-८० % महिनादिनको निम्ती यार्सागुम्बा संकलनमा व्यस्त हुन्छन् । मुदीवासीको हकमा सेतो ढुँगा खर्क, मैरे खर्क, कुना वन, नाउरा, बगर रुघाचौर वुकी र थलाखर्क संकलनको निम्ति प्रसिद्ध हुन् । रुघाचौर वडा नं ४ र पांचको सिमानामा पर्दछ । अन्य खर्कहरू वडा नं ४ अन्तरगत पर्दछ । ७०-८० आख्लाको भऱ्याङ्ग लगाएर ठाडो भिरमा ज्यान जोखिममा हालेर परम्परागत हिसाबले अनुष्ठान पुजा गरि सामुहिक रूपमा भिरमह काड्नु स्थानिय वासीको निम्ति जीविकोपार्जनको माध्यम हुन भने पर्यटकको निम्ति साहसीक पर्यटनको दुर्लभ अनुभव हो । विशेष गरेर मुदीको मह काड्ने उत्सव पर्यटकको निकट भविष्यको गन्तव्य हुन सक्छ । मल्कवाङवासी यार्सागुम्बा टिप्न रुवाचौरमा जान्छन् । रुवाचौर प्रकृति दृश्यावलोकनको निम्ति राम्रो भ्यू प्वाईन्ट हो । यहाबाट हिमालको दृश्य, लालीगुरासंका वन र विभिन्न वन्यजन्तु देख्न सकिन्छ ।

ढोरपाटन शिकार आरक्ष नेपालको एक मात्र शिकार आरक्ष हो । यसको धेरै भाग बाग्लुङ जिल्लामा पर्दछ भने करिब १७.२ % भूभाग म्याग्दि जिल्लाको यस पालिका अन्तरगत पर्दछ । ढोरपाटन शिाकार आरक्ष नेपालकै एक मात्र शिकार आरक्ष हो । यस आरक्षको ६ वटा शिकार ब्लकहरू छन् । त्यस मध्य बार्से, रुघाचौर र घुस्तङ् शिकार ब्लक यस पालिका अन्तरगत पर्दछ । यस अर्थमा ढोरपाटन आरक्षमा पाइने अधिकांश वन्यजन्तुहरू यस ब्लकमा पनि पाइने सहजै अनुमान गर्न सकिन्छ । छलफलको आधारमा यस पालिकामा वन्यजन्तुहरूमा हिमालय कालो भालु, रतुवा मृग, घोरल, चितुवा, दुम्सी, हिमालयन थार, नाउर, स्याल, बांदर, लंगुर, झारल, जंगल बदेल, कस्तुरी मृग आदि पाइने बताइएको छ । साथै यस भेगमा दुर्लभ वन्जयजन्तु कस्तुरी मृग, हाब्रे र फ्याउरो पाइने संभावना पनि उतिकै रहेको छ ।

जैविक विविधताको दृष्टिले महत्वपुण क्षेत्रहरूमा जलजला क्षेत्र र रुवाचौर क्षेत्र रहेको छ । जलजला क्षेत्रको विस्तृत जैविक विविधता अध्ययन गरि प्राणी उद्यानको (zoological garden) रूपमा विकसित गर्न संभाव्यता अध्ययन गर्नु पर्ने देखिन्छ । त्यस्तै रुघाचौर क्षेत्रको पनि विस्तृत जैविक विविधता

अध्ययन हुनुपर्ने देखिन्छ । पर्यटकले गुर्जाखानी पदयात्रामार्गमा, जलजला क्षेत्रमा, धौलागिरी आधारशिविर पदमार्गमा वा रुघाचौर क्षेत्रमा माथिका विभिन्न वन्यजन्तुहरू देख्न सकिने संभावना छ । समय अवधि र अध्ययनको उद्देश्यको सिमाले वन्यजन्तुको विस्तृत अध्ययन गरिएको छैन । वार्ड भेला, अप्रतक्ष्य तथा प्रतक्ष्य अवलोकन र सन्दर्भ ग्रन्थहरूको आधारमा माथिका वन्यजन्तु उल्लेख वा रेकर्ड गरिएको हो ।

दश दिनको अवधिमै यस क्षेत्रमा विज्ञ टोलीले १०५ (एक सय पाँच) चरा प्रजातिहरू रेकर्ड गरेका थिए । लामो समयको हुने हो भने, चरा प्रजातिहरूको संख्या बढ्ने निश्चित छ । रेकर्ड गरिएका चरा प्रजातिहरू मध्य, हिमाली गिद्ध, डंगर गिद्ध, सेतो गिद्ध, सुन गिद्ध, कस्तुरा चाचर, डांफे जस्ता केहि चराहरू विश्वव्यापीरूपमा लोपोन्मुख छन् भने केहि राष्ट्रिय स्तरमा संरक्षित गरिएका छन् ।



चित्र ९.५: छन्त्यालहरूको बाहुल्य भएको गुर्जाखानी गाउ, म्याग्दि (सुभाष चन्द्र देवकोटा/वि.प्र.सं.ने)

### ९.३.२ धार्मिक तथा सांस्कृतिक पर्यटकिय आकर्षण, उत्पादन तथा गन्तव्य

धवलागिरी गाउँपालिका धार्मिक, सांस्कृति तथा पुरातात्विक दृष्टिले पनि महत्वपुर्ण गन्तव्य मानिन्छ । यसमध्य, ताकमकोट र मालिका धुरी प्रमुख मानिन्छ । तथापी यस पालिकामा असंख्य धार्मिक तथा सांस्कृति स्थान, थान वा मन्दिरहरू रहेका छन् । केहि उल्लेखनीय उदाहरणहरूमा रिखार, कालीवराह, गुर्जा वराह, लक्ष्मी नारायण मन्दिर, हरिहर मन्दिर, जगन्नाथ मन्दिर, भवगती मन्दिर, वागराज मन्दिर, भुमेथान मन्दिर, खावाङ मन्दिर, वराह मन्दिर, जलजला मन्दिर, थातुर वराह मन्दिर, तिल्केप भुमे मन्दिर, पाताल वराह (रुवाचौर स्थित), जुम्ले वराह (रुघाचौर पुग्नु अगावै बाटो छुट्टिन्छ) आदि छन् ।

**मालिका धुरी :**

मालिका धुरी समुद्र सतहबाट करिब २,४०० मिटरमा अवस्थित छ । मालिकाधुरी मालिका गाउ पालिकामा पर्दछ तर ताकमबाट पनि जान सकिन्छ । करिब ८-१० घण्टाको दुरीमा पर्ने यो मालिका धुरी स्थानिय वासिन्दामाझ अत्यन्त लोकिप्रय रहेको छ । उच्च स्थानमा रहेकोले यहावाट सुन्दर सुर्योदयको दृश्य देख्न सकिन्छ । साथै गुर्जा हिमाल, धौलागिरी हिमाल र पोखरा फेवाताल पनि देखिन्छ । वनजंगल, खोला र धुरी हुदै गरिने यो पदयात्रामा एकसमय मेला आयोजना गरिन्थ्यो तर भोग

खाएकोले अहिले मेला वन्द गरिएको स्थानिय वासि बताउछ । ताकमकोट-मट्टिखन्ड-बिरौटा-काठफाल्नाको पदयात्रा खण्डको केहि भागमा विश्रामस्थल, खानेपानीको धारो, सूचना पाटी र फोहोर फाल्ने खाल्डो आवश्यक छ ।




चित्र ९.६: धवलागिरी गाउँपालिका अन्तरगतको केहि प्रमुख पर्यटकिय आकर्षण तथा गन्तव्यहरू

(फिल्ड सर्भे, २०७८)

**ताकमकोट :**

म्याग्दिको सदरमुकाम बेनीबजार देखि ३६ कि.मी पश्चिममा रहेको ताकम गाउं एक रमणीय स्थल हो । यो ठांउ धवलागिरी हिमाल र प्रसिद्ध शिकार आरक्ष ढोरपाटनको लगभग मध्यमा पर्दछ । यो क्षेत्रका ताकम र धारापानी गाऊ ५,००० फिटको उचाईमा रहेको समथर भूभाग हुन् जहां धान खेती हुन्छ । ताकम ऐतिहासिक अध्ययन तथा प्राकृतिक दृश्यावलोकनका दृष्टिले अत्यन्त महत्वपूर्ण स्थल

हो । यो गाउमा कोट मन्दिर, जगन्नाथ मन्दिर, कोट भण्डार, टुँडीखेल, गढी, किल्ला आदि यस क्षेत्रका सांस्कृतिक तथा ऐतिहासिक महत्वका स्थान हुन् । बिसं १२४६ मा स्थापना गरिएको ताकमकोट बेसीबाट करिब एक घण्टाको दुरीमा पर्दछ। कोटबाट गुर्जा हिमालको सुन्दर दृश्य, वरपरको गाउवस्ती र मालिका धुरी देख्न सकिन्छ। यहा अगिका राजाप्रसादका भाडाकुडा, हातहतियार र परापूर्वकालमा खेल्ने गरिएको छेलो सुरक्षित राखिएको छ । ताकमकोटमा परखाल वा छेकवारको आवश्यकता छ । साथै सिढीको जोखिमपुर्ण खण्डमा लगाईएको रेलिङ अधुरो भएकोले त्यसलाई पूर्णता दिन आवश्यक छ। ताकमकोटको मुख्य समस्या भनेको उक्त स्थल गाउभन्दा पर थुम्कोमा रहेकोले सुरक्षाको अभावमा पुजारी कोट (थुम्कोमै) बस्न नसक्नु हो । विगतमा कोटको पुजारीको हत्या गरि कोटको सम्पति चोरिएको थियो (पुजारीसंगको अन्तवार्ता,२०७७) ।

ताकममा पूर्व मध्यकालमा बगाले थापावंशको राज्य थियो भन्ने देखिन्छ तर सो वंशका को कसले कति पुस्ता र कतिसमयसम्म राज्य गरे भन्ने कुनै प्रमाण फेला पार्न सकिएको छैन । पौडेलहरूको वंशावलीमा डोटीका राजा राधामाधवसिंले ठूलो यज्ञ गरी वत्सराज भट्टचार्यलाई आफ्नी छोरी र राजपाठ समेत सुम्पिएका र्थि । शुभकन्याबाट जन्मिएका छोरा कालु थापा थिए, जो पछि डोटीका राजा भए । उनका माहिला छोरा तारापति ताकमका राजा भए भनिएको छ (म्याग्दिको इतिहास, संस्कृति र सम्पदा, कर्णबहादुर बानियां, २०७५) ।





चित्र ९.७ क, खः ताकमकोट, ताकमकोट स्थित राजप्रसादको भाडाकुडा (रोशन शेरचन/वि.प्र.सं.ने)

### स्थानीय चाडपर्व तथा जात्राहरू

धार्मिक सहिष्णुता तथा साँस्कृतिक विविधताको विशिष्ठ पहिचान बोकेको धवलागिरी गाँउपालिका जातजाति अनुसार विभिन्न स्थानिय चाडपर्व तथा जात्राहरू मनाउछन्। आदिवासी जनजाति, ब्राम्हण, क्षेत्री, दलित तथा अल्पसंख्यक समुदायहरूको आफ्नै चाडपर्व छन् । मगर जातिको वाहुल्यता (३६ प्रतिशत) रहेको यस पालिकामा वाहुन, क्षेत्री र दलित समेत रहेका छन् । मगर जातीका विशेष चाडहरू, हिन्दु सनातन साँस्कृतिका पर्वहरू धुमधामसँग मनाइने गरिन्छ। दशैं,तिहार, तीज, रामनवमी, शिवरात्री, माघेसंक्रान्ती, कुशेऔंशी, उद्यौली, उभौली, बौद्धपुर्णिमा, ल्होसार आदि मनाइन्छ भने स्थानिय संस्कृतिमा मगरहरूको कौडा, घाटु, सोरठी, झयाउरे,रोदी, हुर्रा आदि नाच प्रसिद्ध छन् ।

तालिका ९.३: मुख्य चाडपर्व वा मेलाहरू (धवलागिरीको पार्श्वचित्र, २०७५)

| क.सं | मुख्य चाडपर्व वा मेलाको नाम | मिती | प्रमुख जाति वा धर्मालम्बी |
|---|---|---|---|
| १ | माघेसंक्रान्ती | माघ १ गते | सबै |
| २ | उधौली | बैसाख पुर्णिमा | मगर, गुरुङ्ग, छन्त्याल |
| ३ | उभौली | मंसिर पुर्णिमा | मगर, गुरुङ्ग, छन्त्याल |
| ४ | साउने संक्रान्ती | साउन १ गते | सवै |
| ५ | ल्होसार | पुष १५ गते | गुरुङ्ग |
| ६ | तीज | भाद्र शुक्ल व्दितिया | वाहुन, क्षेत्री |
| ७ | जनै पुर्णिमा | श्रावण पुर्णिमा | वाहुन, क्षेत्री |
| ८ | कृष्ण जन्माष्टमी | भाद्र कृष्ण अष्टमी | वाहुन, क्षेत्री |
| ९ | दशैं तिहार | असोज कात्तिक | सवै |
| १० | कौडा नाच | दशैं तिहार | मगर |
| ११ | घाटु नाच | मातातिर्थ औसी | मगर, गुरुङ्ग |
| १२ | हुर्रा नाच | तिहार | मगर |
| १३ | सोरठी नाच | माघे संकान्तिको भोलिपल्ट | छन्त्याल |

### ९.३.३ साहसिक पर्यटकिय उत्पादन तथा गन्तव्य

**धवलागिरी आधार शिविर:**

बेनीबाट करिब ५० किलोमिटर उत्तर पश्चिम साविकको मुदी गाविसमा धवलागिरी बेसक्याम्प अवस्थित छ। यो क्याम्प समुद्र सतहबाट करिब ३,५७५ मिटर उचाइमा रहेको छ। धवलागिरी हिमाल आरोहण गर्ने पर्वतारोही यहि बेसक्याम्प भएर जाने गर्दछन् । यो क्षेत्र पदयात्रा पर्यटनको दृष्टिले महत्वपूर्ण मानिन्छ। धवलागिरी वेसक्याम्प जाने प्रचलनमा रहेको मार्ग निम्न रहेको छ। करिब ८, १० को यो रुट मुदी वा खिवाङ भएर प्रवेश गर्न सकिन्छ।

- बेनी (१)- बांयिबोचौर (२)-धारापानी/सिवाङ (३)-मुदी (४)-बगर/जुकेपानी (५)-दोभान

  (६)-सल्लाघारी (७)-ईटलीक्याम्प (८)-जापानीजवेस क्याम्प (९)-धौलागिरी वेस क्याम्प (१०)।

  वा, मुदीबाट वैकल्पिक बाटो भएर दोभान जाने पदमार्ग पनि छ। यसमा मुदी-अर्चे-चानो-नयां वन-मथेनी धुरी- मैरेखर्क वुकी- दोभान पर्दछ।
- बेनी (१)- बांयिबोचौर (२)-धारापानी/सिवाङ (३)-खिवाङ-चेचुङ-सिङकुस-जेलतुङ (बगरको तल)-दोभान-सल्लाघारी-ईटलीक्याम्प-जापानीज वेस क्याम्प-धौलागिरी वेस क्याम्प।

**गुर्जाखानी आधारशिविर पदयात्राः**

गुर्जाखानी गाउ (२५,०० मिटर) म्याग्दि सदरमुकामबाट करिब ६७ किमीको दुरीमा पर्दछ। स्थानिय वासिन्दालाई यस गाउबाट गुर्जा हिमाल आधार शिविर एक दिनको दुरी हो। पर्यटकलाई दुई दिनको दुरी हो। लमसुङ/लुलाङ देखि भने गुर्जा हिमाल आधार शिविरि पर्यटकलाई चार, पाँच दिनको क्याम्प हो। देउराली पास पछिको लतवाङ्मा सामुदायिक होटल वनाउन वा निजी होमस्टेको व्यवस्था गर्न आवश्यक छ। लतवाङमा पानीको सुविधा हुनाको साथै भुक्षयबाट सुरक्षित छ। गुर्जाखानीमा होमस्टेको

व्यवस्था भएकोले त्यसको स्तरोन्नती गर्नुपर्दछ । करिब १६० जनजाति छन्त्याल घरधुरी भएको गुर्जाखानी नेपालकै सबभन्दा घना छन्त्याल बस्ती मानिन्छ । साथै यस ऐतिहासिक गाउँलाई दुर र एकलवस्तीको रूपमा विकसित गर्न आवश्यक छ । राणाकाल भन्दा अगाडि म्याग्दि जिल्लाका गुर्जा लगायत मल्कवाङ, मच्छिममा तामा, फलाम र सविताका खानीहरू संचालन भएका थिए । गुर्जागाउमा पनि खानीहरू भएकोले यसैबाट गाउको नामकरण गुर्जाखानी गाउ भएको बुझिन्छ । यस गाउमा करिब ८० दलित घरधुरी छ । गुर्जाखानी गाउ भन्दा माथि होटल/होमस्टे नभएकोले आधार शिविर जादा पर्यटकहरू क्याम्पिङ साईट वा गोठमा बस्नुपर्छ ।



चित्र ९.८: रमणीय लतवाङ (मनिश कोख श्रेष्ठ/वि.प्र.सं.ने)

पदयात्रा मार्गमा पर्ने कालधारामा विश्राम स्थल र खानेपानीको व्यवस्था नभएकोले त्यसको प्रबन्ध हुन आवश्यक छ । साथै कालधारा-खगर-भुजुङवडा-थारखोला पदयात्राखण्डलाई स्तरोन्नती गर्न पनि आवश्यक छ ।

- सिवाङ-लमसुङ/लुलाङ-देउराली पास-गुर्जाखानी गाउ- भुजुङ्गे वडा-थारखोला-गुर्जा हिमाल आधार शिविर ।




चित्र ९.९: धवलागिरी गाउँपालिका अन्तरगतका प्रमुख पदयात्रा मार्ग/परिपथ (फिल्ड सर्भे, २०७८)

## भिरमह काड्ने (हनि हन्टिङ)

### मुनाः

परम्परागतरूपमा भिर मौरीको मह काड्ने कर्म पनि साहसिक पर्यटनको उत्पादन हुन सक्छ। मुनाबाट करिब ७, ८ घण्टाको दुरीमा रहेको चिरुक भिरमा भिरमहको संकलन निरन्तर जारी छ। मह काड्ने कार्य साहसिक छ । उतिकै यसमा स्थानिय वासिन्दाको संस्कृति पनि जोडिएको छ । बर्षेनी जेठ महिनामा स्थानिय वासिन्दाले आफ्ना विधि परम्परा अनुसार मह काड्ने गर्दछ । करिब ७०-१०० घारबाट सिजनमा अनुमानित ७००-१,००० लिटर मह निकाल्ने वार्ड भेलामा सहभागीहरूले बताए ।

मुना सडक संजाले जोडिएको वस्ती भएकोले पर्याप्त प्रचार प्रसार गरेको खण्डमा विदेशी वा आन्तरिक पर्यटकले मह काड्ने उत्सवलाई अवलोकन गर्न सक्ने प्रशस्त संभावना छ ।

### गुर्जाखानी गाउँः

गुर्जा गाउवासीहरू माझ पनि भिर मह काड्ने प्रचलन परम्परागत रूपमा अझै कायम छ । मह काड्ने दृष्टिले गाउवस्तीलाई चार खण्डमा बांडिएको छ । हरेक बर्ष एक खण्डले भिर मह काड्छ र उसले नै उपयोग गर्छ, बेचबिखन गर्छ । यसरी एउटा समुहलाई चौथो बर्षमा पालो आउछ । यो खण्ड वा समूहमा भाग लगाउने प्रचलन उनीहरूका पूर्खाले चलाएका हुन् । सरदर १,०००-१,५०० लिटर मह निस्कन्छ । मह काड्ने उपयुक्त सिजन भनेको बैशाख देखि असारको पहिलो हप्तासम्म हो । चुईयाको सिढी बनाएर डोरी लगाएर अग्लो भिरबाट मह काड्ने चलन जोखिमपूर्ण त छ नै, उतिकै साहसिक पनि छ । मह काड्ने उत्सव पर्यटकिय आकर्षक हुने बलियो संभावना रहेको छ ।

### मराङ गाउँः

परम्परागत रूपमा मह संकलन गर्ने प्रथा मराङ गाउमा पनि कायम छ । प्रत्येक बर्षको जेठ, असार महिनामा स्थानिय वासिन्दाहरूले समुह खटाई, परम्परागत अनुसार पुजाआजा, अनुष्ठान गरि मह संकलन गरिन्छ । साहसीक रूपमा सम्पन्न हुने यस परम्परालाई प्रभावकारी प्रबर्धन गर्न सके आन्तरिक तथा अन्तराष्ट्रिय पर्यटकलाई आकर्षित गर्न सकिन्छ ।

## १०. पर्यटन गुरुयोजनाको कार्यान्व्यनमा सरोकारवाला संस्थाहरूको काम कर्तव्य, अधिकार र भूमिका

तालिका १०.१: पर्यटन गुरुयोजनाको कार्यान्वयनमा सरोकारवालाहरूको काम कर्तव्य, अधिकार र भूमिका

| सि.नं | संस्था/सरोकारवाला | तह | विद्यमान ऐन कानुन प्रदत्त वा विधान अनुरूपको काम , कर्तव्य र अधिकार | भूमिका |
|---|---|---|---|---|
| १. | धौलागिरी गाउँपालिका, म्याग्दि | सरकारी निकाय/ स्थानिय सरकार | • दिगो विकासको अवधारणा अनुरूप गाँउपालिका स्तरीय पर्यटन विकास योजना निर्माण<br>• कार्ययोजना योजना निर्माण तथा प्रभावकारी कार्यान्वयनको लागि वजेट विनियोजन गर्ने ।<br>• नियमित अनुगमन गर्ने<br>• सीप मुलक तालिमहरू प्रदान गरी, पर्यटक उद्यमको स्थापना र सञ्चालनमा समुदायहरूलाई प्रोत्साहन गर्ने र पूँजी व्यवस्थापनमा सहयोग गर्ने ।<br>• पर्यटन उद्यम तथा होस्टे दर्ता तथा नवीकरण ।<br>• पर्यटकीय महत्वका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने । | वजेट तर्जुमा तथा कार्यक्रम समितीको प्रमुख भूमिका |

| सि.नं | संस्था/सरोकारवाला | तह | विद्यमान ऐन कानुन प्रदत्त वा विधान अनुरूपको काम , कर्तव्य र अधिकार | भूमिका |
|---|---|---|---|---|
| | | | ● पर्यटन व्यवसाय स्थापना, विस्तार र वजार प्रवर्धनमा सहयोग गर्ने ।<br>● पर्यटन विकास र प्रवर्धनमा प्रदेश र संघीय सरकारसंग समन्वय र सहकार्य गर्ने<br>● आवश्यकता अनुसार स्थानिय निकायको पर्यटन र वातावरण सम्वन्धी निती नियम ऐन कानून बनाउने । | |
| २. | डिभिजन वन कार्यालय, म्याग्दि | सरकारी निकाय/ जिल्ला स्तरीय | ● जिल्ला अन्तरग दिगो पर्यटकिय आकर्षण, उत्पादन, गन्तव्य पहिचान गर्ने र व्यवस्थापनमा आर्थिक तथा प्राविधिक सहयोग गर्ने ।<br>● क्षमता अभिवृद्धि, तालीम, गोष्ठि र अध्ययन भ्रमण संचालन गर्ने ।<br>● प्राकृतिक भूदृश्य तथा जैविक विविधता संरक्षण गर्ने ।<br>● जैविक विविधता विस्तृत सर्वेक्षण गर्ने । प्राणी तथा वनस्पति उद्यानको संभाव्यता अध्ययन संचालन गर्ने ।<br>● सामुदायिक वन क्षेत्रभित्र पर्यापर्यटन विकास गर्न प्राविधिक तथा आर्थिक सहयोग गर्ने ।<br>● स्वीकृत योजना अनुरूपका पर्यापर्यटनका गतिविधिहरू कार्यान्वयन तथा अनुगमन गर्ने ।<br>● सम्वन्धित मन्त्रालय र विभागहरूवबाट अनुमोदित पर्यटन विकासका कार्यक्रमहरूको कार्यान्वयन र अनुगमन गर्ने ।<br>● क्षेत्राधिकार भित्र पर्ने विषयहरूमा कानुनी सहजीकरण गर्ने । | गुरु योजनामा पहिचान भएका पर्यटकिय आकर्षण, उत्पादन र गन्तव्यको विकासमा प्राविधिक तथा आर्थिक सहयोग पु-याउने,<br><br>पर्यटकिय पूर्वाधारको निर्माण वा स्तरोन्नतीमा आर्थिक तथा प्राविधिक सहयोग गर्ने<br><br>होमस्टे संचालक तथा पर्यटन व्यवसायीहरूलाई तालिम प्रदान गर्ने, |

| सि.नं | संस्था/सरोकारवाला | तह | विद्यमान ऐन कानुन प्रदत्त वा विधान अनुरूपको काम , कर्तव्य र अधिकार | भूमिका |
|---|---|---|---|---|
| | | | | अध्ययन भ्रमणमा लग्ने |
| ३. | जिल्ला समन्वय समिती, म्याग्दि | सरकारी निकाय/ स्थानिय सरकार | ● जिल्ला स्थित निकायहरूको कार्यक्रमको अनुगमन तथा मूल्याङन गर्ने ।<br>● विभिन्न सरोकारवाला संघसंस्थाहरू वीच समन्वय र सहकार्यको व्यवस्थापन गर्ने ।<br>● अन्तरपालिका अन्तरगतका पर्यटन परियोजनाका कार्यान्वयनमा समन्वयकारी भूमिका खेल्ने ।<br>● द्वन्द्व व्यवस्थापन गर्ने । | अनुगमन र मूल्याङन गर्ने । समन्वय र सहकार्य । |
| ४. | जिल्ला प्रहरी कार्यालय, म्याग्दि | सरकारी निकाय/ जिल्ला स्तरीय | ● शान्ती सुरक्षा कायम गर्ने तथा व्दन्द व्यवस्थापन गर्ने । | |
| ५. | जिल्ला प्रशासन कार्यालय, म्याग्दि | सरकारी निकाय/ जिल्ला स्तरीय | ● स्थानिय साथै पर्यटकहरूलाई सुरक्षा प्रदान गर्ने ।<br>● द्वन्द्व व्यवस्थापन गर्ने<br>● कानुनी सहजीकरण गर्ने । | |
| ६. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश | सरकारी | ● पर्यटकीय महत्वका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरूको संरक्षण र प्रबर्धनमा प्राविधिक तथा आर्थिक सहयोग गर्ने ।<br>● पर्यटन व्यवसाय तथा होमस्टे संचालका लागि सीपमूलक तालिम र वित्तिय व्यवस्थामा सहयोग गर्ने ।<br>● ठूला पर्यटकिय पूर्वाधार योजनाहरूको डिपिआर र कार्यान्वयनको लागि वजेट विनियोजन गर्ने ।<br>● प्रदेश वा राष्ट्रिय स्तरको पर्यटन महोत्सव, सम्मेलन वा मार्ट मार्फत पर्यटकिय उत्पादनको बजारीकरण्मा सघाउने<br>● अनुगमन तथा मूल्याङन गर्ने , | |
| ७. | प्रदेश पर्यटन बोर्ड, गण्डकी प्रदेश | सरकारी | ● प्रिन्ट र अनलाईन प्रचार सामग्रीहरू बनाउने र उपयुक्त माध्यमबाट प्रसारण गरि आन्तरिक तथा वाह्य क्षेत्रमा पर्यटन प्रवर्धन गर्ने । | |

| सि.नं | संस्था/सरोकारवाला | तह | विद्यमान ऐन कानुन प्रदत्त वा विधान अनुरूपको काम , कर्तव्य र अधिकार | भूमिका |
|---|---|---|---|---|
| | | | • पर्यटन प्रवर्धनकालागि महोत्सव, सम्मेलन वा मार्टको आयोजना गर्ने ।<br>• पर्यटन सम्बन्धि तालिम, गोष्ठि, प्रवचन कार्यक्रमहरू आयोजना गर्ने<br>• सूचना पार्टीहरू, जानकारी वोर्डहरू तथा पदयात्रीहरूलाई विश्राम स्थल बनाउने । | |
| ८. | गण्डकी पर्यटन परिषद, गण्डकी प्रदेश | सरकारी । प्रदेश स्तरीय | • प्रचार सामग्रीहरू बनाउने तथा प्रसारणगरी आन्तरिक तथा वाह्य क्षेत्रमा पर्यटक प्रवर्धन गर्ने ।<br>• पर्यटन प्रवर्धनका लागि महोत्सव, सम्मेलन र मार्ट आयोजना गर्ने<br>• पर्यटन सम्बन्धि तालिम तथा गोष्ठिहरू आयोजना गर्ने<br>• पर्यटन सम्बन्धि निती तथा कानुनहरूको समीक्षा गर्ने र समयानुकुल निर्माण र संशोधनको निम्ति निर्देशन दिने । | |
| ९. | संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालय, संघीय सरकार | सरकारी/संघीय | • पर्यटन गन्तव्यहरूको विकासको निम्ति बजेट र कार्यकम बनाउने ।<br>• लगानी मैत्री नीति तर्जुमा गर्ने ।<br>• अन्तर मन्त्रालय, विभाग र पर्यटन विकासमा संभावित निजी तथा दातृसंस्थाहरूसंग समन्वय र सहकार्य स्थापना गर्ने ।<br>• पर्यटन सम्बन्धि निती नियम ऐन कानुन बनाउने र संशोधन गर्ने ।<br>• प्रदेश र स्थानिय निकायको क्षमता अभिवृद्धिमा बजेट छुट्याउने<br>• राष्ट्रिय र अन्तराष्ट्रिय स्तरको पर्यटन महोत्सव, सम्मेलन आयोजना गर्ने । | |
| १०. | पर्यटन विभाग, संघीय सरकार | सरकारी/संघीय | • ठूलो लगानीमा स्थापित हुने पर्यटन व्यवसायहरूको दर्ता तथा नवीकरण गर्ने ।<br>• पर्यटन पूर्वाधारहरूजस्तैः सडक संजाल, पदयात्रा मार्ग, आवास, पर्यटन सूचना केन्द्र, संग्रहालय बनाउन सहयोग गर्ने ।<br>• पर्यटनको निती नियमहरूको कार्यान्वयन र अनुगमन गर्ने । | |

| सि.नं | संस्था/सरोकारवाला | तह | विद्यमान ऐन कानुन प्रदत्त वा विधान अनुरूपको काम , कर्तव्य र अधिकार | भूमिका |
|---|---|---|---|---|
| ११. | नेपाल पर्यटन बोर्ड, काठमाडौं | सरकारी/ संघीय | ● प्रिन्ट, अनलाईन र भिडियोग्राफी प्रचार सामग्रीहरू बनाउने तथा उपयुक्त माध्यमबाट प्रसारणगरी आन्तरिक तथा अन्तराष्ट्रिय क्षेत्रमा पर्यटन प्रवर्धन गर्ने ।<br>● अद्धितिय पर्यटकीय गन्तव्यको प्रभावकारी ब्राण्डिङ गर्ने ।<br>● पर्यटन प्रवर्धनका लागि राष्ट्रिय र अन्तराष्ट्रिय महोत्सव, भ्रमण बर्ष, सम्मेलन र मार्ट आयोजना गर्ने ।<br>● सूचना पार्टीहरू,जानकारी वोर्डहरू र पद यात्रामा बस्ने चौतारीहरू बनाउने ।<br>● पर्यटन सम्बन्धि क्षमता अभिवृद्धिको निम्ति कार्यक्रम तर्जुमा गर्ने । तालिम तथा गोष्ठिहरू आयोजना गर्ने । | |
| १२. | तारागाउ विकास बोर्ड, काठमाडौं | सरकारी | ● नयां होमस्टेको संभाव्यता अध्यायन गर्ने ।<br>● क्षमता अभिबृद्धि सम्बन्धित तालिम तथा साना पूर्वाधार निर्माणमा सहयोग गर्ने ।<br>● होमस्टेको प्रभावकारीता सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने । | |
| १३. | टान नेपाल | गैह्र सरकारी/ राष्ट्रव्यापी | ● नयां पर्यटकिय गन्तव्यहरूको खोजी र पहिचान गर्ने ।<br>● राष्ट्रिय, अन्तराष्ट्रिय र स्थानीय तहहरूसँग पर्यटनको प्रबर्धनको निम्ति समन्वय र सहकार्य गर्ने ।<br>● प्रचार प्रसारमा सहयोगी भूमिका खेल्ने ।<br>● स्थानिय समुदायलाई क्षमता अभिवृद्धिको कार्यक्रम दिने ।<br>● टिम्स् मार्फता पर्यटकको तथ्यांक लिने र आवश्यक सूचना प्रदान गर्ने । | |
| १४. | हान नेपाल | गैह्र सरकारी/ राष्ट्रव्यापी | ● होटल, लज तथा रिसोर्टहरूको समस्या र सवाललाई सरकारसंग सहजीकरण गर्दै हल गर्ने ।<br>● होटल, लज र गेष्ट हाउस, रिसोर्ट स्थापनाको निम्ति आवश्यक लगानीमैत्री वातावरणको निम्ति वकालत गर्ने ।<br>● होटल, लज, गेष्टहाउसको गुणस्तर कायम गर्न सघाउने । | |

| सि.नं | संस्था/सरोकारवाला | तह | विद्यमान ऐन कानुन प्रदत्त वा विधान अनुरूपको काम , कर्तव्य र अधिकार | भूमिका |
|---|---|---|---|---|
| | | | ● होटल, लज, गेष्टहाउसको तथ्याङ राख्ने<br>● होटल तथा लज संचालकहरूलाई आवश्यक तालीम, गोष्ठि प्रदान गर्ने | |
| १५. | नेपाल पर्वतारोहण संघ | गैह्र सरकारी/ राष्ट्रव्यापी | ● पर्वतारोहण गर्न सकिने हिमचुलीहरूको पहिचान गर्ने र प्रबर्धन गर्ने ।<br>● नेपाल सरकारसंगको सम्झौता अनुसार पर्वतारोहणको निम्ति अनुमतिपत्र दिने ।<br>● हिमाल, हिमाली क्षेत्र र हिमाली वासिन्दाको संस्कृतिको संरक्षण गर्ने र जीवीकोपार्जनलाई सघाउने ।<br>● पर्वतारोहण क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने ।<br>● उच्च हिमाली क्षेत्रमा आवश्यक उद्धार कार्य र पुनस्थापना कार्य गर्ने र सघाउने ।<br>● हिमाली पर्यावरणको संरक्षण गर्ने । | |
| १६. | पर्यटन पत्रकारहरू | गैह्र सरकारी | ● पर्यटनसम्बन्धि विषयमा समाचार र स्टोरीहरू बनाई प्रबर्धनमा सघाउने ।<br>● श्रव्यदृश्य र अनलाईन प्रचार सामग्रीहरू बनाई उपयुक्त माध्यमबाट प्रचार प्रसार गर्ने ।<br>● पर्यटकिय गन्तव्यको प्रबर्धन गर्ने<br>● अन्तरकिया कार्यक्रम, भ्रमणहरू संचालन गर्ने | |
| १७. | म्याग्दि जिल्लामा सक्रिय निजी पर्यटक व्यवसायीहरू | नीजि | ● होटल, लज, गेष्ट हाउसको संचालन र लगानी प्रबर्धन ।<br>● आवश्यक प्रचार प्रसार र प्रबर्धनमा सहयोग गर्ने र महोत्सब, मार्टहरू आयोजना गर्ने ।<br>● सरकारी संस्थाले बनाएका प्रचार सामग्रीहरूलाई वितरण गर्नमा सघाउने ।<br>● नयां पर्यटकिय उत्पादनहरू पहिचान र विकासमा लगानी गर्ने वा जुटाउने ।<br>● पर्यटकहरूलाई केन्द्रमा राखेर गुणस्तरीय सेवा सुविधा प्रदान गर्नु । | |
| १८. | नेपाल पर्यटन र होटेल | गैह्र सरकारी | ● पर्यटनको विभिन्न क्षेत्रमा तालिम तथा प्रशिक्षणहरू प्रदान गर्ने जस्तैः होटल | |

| सि.नं | संस्था/सरोकारवाला | तह | विद्यमान ऐन कानुन प्रदत्त वा विधान अनुरूपको काम , कर्तव्य र अधिकार | भूमिका |
|---|---|---|---|---|
| | व्यवस्थापन एकेडेमी (नाथम) | | व्यवस्थापन तालिम, परिकार बनाउने तालिम, व्यावसायिक ट्रेकिङ गाइड, जलमार्ग पथप्रदर्शक आदि ।<br>● आतिथ्य सत्कार क्षेत्रका विभिन्न क्षेत्रमा तालिम प्रदान गर्ने ।<br>● परिकार पकाउने बनाउने तालिम आदि दिने । | |
| १९ | कादुरी गोर्खा वेलफेयर | गैह्र सरकारी | ● भौतिक पूर्वाधार निर्माण (झोलुङे पुल, खानेपानी आयोजना) | |
| २० | गुड नेवर | अन्तराष्ट्रिय गैह्र सरकारी | ● पर्यटन विकास तथा प्रबर्धन<br>● पर्यटन क्षमता अभिवृद्धि सम्बन्धि सहयोग | |
| २१ | संगम म्याग्दि र मिलन म्याग्दि | गैह्र सरकारी/ जिल्ला स्तरीय | ● होमस्टे संचालकहरूलाई सहयोग<br>● पर्यटकिय पूर्वाधारमा प्राविधिक तथा आर्थिक सहयोग<br>● क्षमता अभिवृद्धिको कार्यक्रमहरू | |

## ११. अनुगमन तथा मूल्यांकन

अनुगमन तथा मूल्यांकन पर्यटन गुरुयोजनाको अभिन्न पाटो हो । पञ्च बर्षिय पर्यटन गुरुयोजनाको कार्यान्वय भएपछि कमी कमजोरी वा सुधार गर्नुपर्ने भए त्यसको पहिचान गर्न नियमित अनुगमन गर्न अत्यावश्यक छ । गुरु योजनाले राखेका उद्देश्यहरू के कति पुरा भयो वा परिणाम कस्तो देखियो, त्यो थाहा गर्न अनुगमन र मूल्यांकनको आवश्यकता पर्दछ । पर्यटकिय गुरुयोजनाको आधारमा आवधिक कार्यक्रमहरू निर्माण गर्ने प्रमुख दायित्व गाँउपालिकाले हो । तर तर कार्यक्रहरूको कार्यन्वयनमा सम्बन्धित वार्डहरूको प्राथमिक जिम्मेवारी रहन्छ । वार्डस्तरमा संचालित कार्यक्रमहरूको निरन्तर अनुगमनको कार्य गाँउपालिका स्वंयमले गर्नु पर्दछ । अनुगमन तथा मूल्यांकनको लागि नगरपालिकाले वार्डस्तरीय संयन्त्र र आवश्यकता अनुसार अनुगमन मूल्यांकनका विभिन्न विधीहरूको प्रयोग गर्न सक्दछ ।

पालिकाको स्रोत अनुगमन समितीले आवश्यकता अनुसार, नियमित र बार्षिक रूपमा अनुगमन गर्नेछ । अनुगमनलाई यस प्रयोजनको निम्ति दुई प्रकारमा बर्गीकरण गर्न सकिन्छ । पहिलो, आन्तरिक । दोश्रो, संयुक्त । धवलागिरी पालिका स्वयमले गर्ने अनुगमन आन्तरिक अनुगमन हो । यसमा स्वमूल्यांकन विधि प्रभावकारी हुन्छ । वार्षिक रूपमा सबै सरोकारवालाहरूको सहभागितामा गाउँपालिकास्तरीय सार्वजनीक सुनुवाइ मार्फत वार्षिक प्रगति समीक्षा गर्न आवश्यक छ । संयुक्त अनुगमनको हकमा, डिभिजन वन कार्यालय र जिल्ला समन्वय समितीसंग मिलेर वार्षिक रूपमा गरिनेछ । संयुक्त अनुगमन रिपोर्टले औल्याएका कमी कमजोरी र रायसुझावलाई पालिकाले पालना गर्नु पर्नेछ ।

अनुगमन तथा मूल्यांकनमा अनिवार्य चेक लिष्ट प्रयोग गर्नु पर्नेछ । मूल्यांकनको सन्दर्भमा सूचकहरू तैयार गरि प्रयोग गर्नु जरुरी छ । सूचकहरू विभिन्न उपक्षेत्र जस्तै पर्यटकिय पूर्वाधार, दक्ष जनशक्ति निर्माण, पर्यटकिय सुचना वितरण, पर्यटकिय गन्तव्यको बजार प्रबर्धन⁄ ब्राण्डिङ, लाभको बांडफांड आदिसंग सम्बन्धित हुनेछ । चेक लिष्टको अभावमा अनुगमन वा मूल्याकंनको जिम्मेवारी लिएको टोलीले गुरु योजना कार्यान्वयनको कुन पक्षमा के के अवलोकन गर्ने, सरोकारवालालाई कस्तो प्रश्न गर्ने, कस्तो प्रमाणहरूको खोजी गर्ने भन्ने प्रष्ट हुदैन । चेकलिष्टले अनुगमन र मूल्यांकनको प्रभावकारीतालाई बढाइदिन्छ । यसको साथै चेकलिष्ट र सुचकहरूको प्रयोगले फरक अवधिमा सम्पन्न भएको अनुगमन र मूल्यांकनहरूको नतिजालाई तुलनायोग्य (comparable) पनि बनाउछ ।

